पूर्वखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पूर्वखोला, पाल्पा

# अन्तिम प्रतिबेदन

# राजश्व सुधार कार्ययोजना

(२०८०/८१-२०८२/८३)

प्राविधिक सहजीकरण

**सिटी सपोर्ट ईनिसिएटीभ**

बुटवल-११, रुपन्देही

# राजश्व सुधार कार्ययोजना

## (२०८०/८१-२०८२/८३)

## पूर्वखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## पूर्वखोला, पाल्पा

### जेष्ठ, २०८०

"शिक्षा,स्वास्थ्य, सडक, कृषि पर्यटन सहितको पूर्वाधार; पूर्वखोला बिकासको आधार"

पूर्वखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पूर्वखोला, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सं. :-

च.नं. :-



# दुई शब्द

नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय सरकारलाई आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको छ । पूर्वखोला गाउँपालिकाले प्राप्त अधिकारहरुको परिधिमा रही गाउँपालिकाको आन्तरिक आय वृद्धिको लागि नीतिगत र कार्यान्वयन तहमा थुप्रै प्रयासहरु गरेका अवस्था छ ।

प्रदेश सुशासन केन्द्र, नेपालगञ्जको सहयोग र यस पूर्वखोला गाउँपालिकाको समन्वयमा समग्र गाउँपालिकाको आगामी ३ बर्षको राजश्व सुधार कार्ययोजना (२०८०/८१–२०८२/८३) तयार गर्ने क्रममा बिभिन्न चरणमा छलफल तथा समुहकार्यहरु भएका छन् जसले एकातर्फ निर्वाचित जनप्रतिनिधिहरु, कर्मचारी, राजश्व परामर्श समितिका सदस्यहरुको क्षमता समेत अभिबृद्धि भएको छ भने अर्को तर्फ गाउँपालिकाको राजश्वको बर्तमान अवस्था विश्लेषण गरि आगामि ३ वर्षको राजश्वको प्रक्षेपण र राजश्व सुधारको लागि सवै पक्षको जिम्मेवारी सहितको राजश्व सुधार कार्ययोजनाको दस्तावेज तयार गर्ने मौका मिलेको छ । यस योजनाले आउंदा दिनहरुमा जनप्रतिनिधी, राजश्व परामर्श समिति र कर्मचारीहरुलाई सहि मार्ग निर्देश गर्ने अपेक्षा गरेको छु । यो दस्तावेज गाउँपालिकाको तर्फवाट निरन्तर रुपमा कार्यान्वयन गर्नेमा प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

यस राजश्व सुधार कार्ययोजना तर्जुमा प्रक्रियामा सहभागी भई योगदान पुऱ्याउनु हुने राजश्व परामर्श समितिका संयोजक एवं उपाध्यक्ष, राजश्व परामर्श समितिका सदस्यहरु, कार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाका विभिन्न शाखा तथा इकाईका कर्मचारीहरु, पत्रकार तथा विभिन्न संघसंस्थाहरू प्रति आभार व्यक्त गर्दछु । यसैगरी राजश्व सुधार कार्ययोजना तर्जुमा प्रकृयामा सहयोग गर्ने प्रदेश सुशासन केन्द्र, नेपालगञ्जलाई हार्दिक कृतज्ञता सहित धन्यवाद दिन चाहन्छु । प्राविधिक रुपले सहजिकरण गर्ने सिटी सपोर्ट ईनिसिएटिभ, रुपन्देही र त्यस संग सम्बद्ध विज्ञहरु प्रति विषेश धन्यवाद सहित आभार व्यक्त गर्दछु ।

नुन बहादुर थापा
अध्यक्ष
२०८० जेष्ठ

नुन बहादुर थापा
अध्यक्ष

"शिक्षा,स्वास्थ्य, सडक, कृषि पर्यटन सहितको पूर्वाधार; पूर्वखोला बिकासको आधार"

# पूर्वखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :-
च.नं. :-



## मन्तव्य

यस पूर्वखोला गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्य भर्खर सम्मन्न भएको छ। यो योजनामा गाउँपालिको आन्तरीक आयको विद्यमान अवस्था, आन्तरीक स्रोतको संभावना तथा बर्तमान समस्या बिश्लेषण तथा सुधारका कृयाकलापहरु सहितको अगामी ३ बर्षको आय प्रक्षेपण सहितको बिवरण रहेको छ। हामीले विगतका वर्षमा आर्थिक ऐन तयार गर्दा, यसैगरी राजश्वको संभाव्यता र राजश्व प्रक्षेपण गर्दा प्राविधीक कठिनाईको अनुभव गरेको अवस्थामा यो कार्ययोजनाले आगमी दिनमा वस्तुगत रुपमा गाउँपालिकाको राजश्व प्रशासनमा सुधार गर्दै आन्तरिक आय वृद्धि गर्नै अपेक्षा गर्दछु। राजश्व परामर्श समितिको संयोजको हैसियतले यो दस्तावेजले गाउँपालिकाको राजश्व व्यवस्थापनमा आधार तयार गर्ने आशा समेत लिएको छु।

यस राजश्व सुधार कार्ययोजना तयारीको क्रममा सक्रिय रुपमा सहभागी भई सुझाव र योगदान दिनु हुने गाउँपालिकाका अध्यक्षज्यू, राजश्व परामर्श समितिका सदस्यहरु, गाउँ कार्यपालिका सदस्यहरु, गाउँपालिकाका कर्मचारीहरु, वडा सचिवहरु र विभिन्न संस्थाका प्रतिनिधिहरूको सकृय सहभागिता र यहांहरुको समुहकार्यवाट तयार गर्नु भएको कार्ययोजना र सुझावहरुका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दछु। यसैगरी यस राजश्व सुधार कार्ययोजना तर्जुमाको सिलसिलामा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने प्रदेश सुशासन केन्द्रका कार्यकारी निर्देशकज्यू लगायत कर्मचारीहरु र परामर्शदाता संस्था सिटी सपोर्ट ईनिसिएटिभ., रुपन्देही प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

भागिरथी शर्मा भट्टराई
उपाध्यक्ष
२०८० जेष्ठ

# मेरो भन्नु

नेपालको संविधानले तीनै तहका सरकारका एकल र साझा अधिकारहरुको संवैधानिक सुनिश्चितता गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहको राजश्व प्रणालीलाई नीतिगत रुपमा व्यवस्थापन गर्न स्थाई प्रकृतिको राजश्व परामर्श समिति र राजश्व शाखाको व्यवस्था गरेको छ । स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार राजश्व सुधार कार्ययोजना तयार गरि कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ । स्वही अनुरुप पूर्वखोला गाउँपालिकाको राजश्व सुधारको लागि गाउँपालिकामा जनप्रतिनिधिहरुको नेतृत्वमा सहभागितामूलक योजना पद्धति अवलम्वन गरी यो राजश्व सुधार कार्ययोजना तयार गरिएको छ । यस दस्तावेजको तयारीको कममा गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरु, कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई राजश्व परिचालनको क्षेत्रमा आधारभूत जानकारी प्राप्त हुनुका साथै गाउँपालिकाको आन्तरिक आयको क्षेत्रमा रहेका समस्या तथा अवसरहरूको पहिचान गरी सुधारको कार्ययोजना तयार गर्ने र आगामी तीन वर्षहरुका लागि आयको प्रक्षेपण गर्ने मार्गदर्शन तयार भएको छ ।

यस योजानाले गाउँपालिकाले करका दरलाई मात्र नभएर करका दायरालाई फराकिलो र प्रगतिशिल वनाउनु पर्दछ भन्ने मुख्य सन्देश दिएको छ । आगामी दिनहरुमा कार्य योजना कार्यान्वयनको लागि आवश्यक वजेटको व्यवस्था मिलाइने, आवश्यकता अनुसार कार्ययोजनालाई वार्षिक रुपमा संशोधन गरी कार्यान्वयन गरिने, र गाउँपालिका र वडामा रहेका राजश्व संग सम्वन्धीत कर्मचारीहरुको क्षमता विकासको लागि गाउँपालिकाले पहिलो प्राथमिकता दिने नै छ ।

अन्त्यमा, पूर्वखोला गाउँपालिकाको यस राजश्व सुधार कार्ययोजना तयारीको कार्यमा आर्थिक सहयोग गर्ने प्रदेश सुशासन केन्द्र, नेपालगञ्ज, आदरणीय गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, राजश्व परामर्श समितिका पदाधिकारीहरु, कार्यपालिकाका सदस्य एवं सवै जनप्रतिनिधिहरु, कार्यालय अन्तरगतका सवै कर्मचारी मित्रहरु र यस योजना तर्जुमा प्रकृयामा प्राविधिक रुपले सहजिकरण गर्ने सिटी सपोर्ट ईनिसिएटिभ, रुपन्देही र त्यस संग सम्बद्ध टिमका विज्ञहरुलाई धन्यवाद सहित आभार व्यक्त गर्दछु ।

मान बहादुर सारु
प्रमुख प्रशासकिय अधिकृत
२०८० जेष्ठ

मान बहादुर सारु
प्रमुख प्रशासकीय अधिकृत

# बिषय सूची


| बिबरण | पेज |
| --- | --- |
| **परिच्छेद-१ राजश्व सुधार कार्य योजनाको परिचय** | **१** |
| १.१ पृष्ठभुमी | १ |
| १.२ राजश्व सुधार योजनाको परिचय | २ |
| १.३ कार्ययोजनाको उद्देश्य | २ |
| १.४ सूचना संकलन तथा कार्यशाला सञ्चालन विधि तथा प्रक्रिया | ३ |
| १.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन | ३ |
| १.४.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास | ३ |
| १.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम | ३ |
| १.४.४ तथ्यांक/सूचना संकलन तथा बिश्लेषण | ५ |
| १.४.५ कार्ययोजनालाई अन्तिम रुप प्रदान | ५ |
| १.४.६ कार्ययोजनालाई अन्तिम रुप प्रदान तथा कार्यालयमा पेश | |
| **परिच्छेद-२ गाउँपालिकाको संक्षिप्त परिचय** | ७ |
| २.१ गाउँपालिकाको संक्षिप्त परिचयः | ७ |
| २.१.१ भौगोलिक अवस्थितितथा प्रशासनिक बिभाजन | ७ |
| २.१.२ जनसंख्या | ८ |
| २.१.३ घर जग्गामा स्वामित्वको अवस्था | ८ |
| २.१.४ अनुपस्थिति जनसंख्या | ९ |
| २.१.५ लघु उद्यम/व्यवसाय सम्वन्धी व्यवस्था | ९ |
| २.१.६ परिवारमा उपलब्ध साधन तथा सुबिधाको बिवरण | ९ |
| २.१.७ शिक्षा क्षेत्रको स्थिति | ९ |
| २.१.८ स्वास्थ्य क्षेत्रको स्थिति | १० |
| २.१.९ खानेपानी तथा सरसफाई | ११ |
| २.१.१० खानी तथा खनिज सम्वन्धी बिबरण | ११ |
| २.१.११ संस्थागत क्षमता स्व-मूल्याङ्कनको अवस्था | ११ |
| २.२ गाउँपालिकाको मानवीय संसाधन तथा भौतिक श्रोत साधनको अवस्था | ११ |
| २.३ राजश्व परिचालनको बर्तमान अवस्था | १२ |
| **परिच्छेद-३ स्थानीय तहको राजश्व अधिकार तथा आय संभाव्यता** | १५ |
| ३.१ राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था | १५ |
| ३.२. आन्तरिक आय परिचालनको वर्तमान अवस्था | १८ |
| ३.३ आन्तरिक आय तथा राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण | १९ |
| **परिच्छेद-४ आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था** | २७ |
| ४.१ राजश्व परिचालन सम्बन्धी संस्थागत ब्यबस्था | २७ |
| ४.२ गाउँपालिकाको विगत ३ बर्षको आय परिचालनको अवस्था | २७ |
| ४.३. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता | २७ |
| ४.४. राजश्व परिचालनमा रहेका सवालहरू | २८ |
| **परिच्छेद-५ राजस्व सुधार कार्ययोजना** | ३० |
| ५.१ कर तथा गैर कर राजश्व सुधार कार्ययोजना | ३० |
| ५.२ राजश्व प्रशासन सुधार योजना | ३३ |
| **परिच्छेद-६ आगामी तीन वर्षको आय प्रक्षेपण** | ३४ |
| ६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण | ३४ |

६.२ आगामी ३ आर्थिक वर्षको आयको प्रक्षेपण ३५
**परिच्छेद-७ निष्कर्ष तथा सुझाव** ३७
**अनुसुचिहरु**
अनुसुचि १ : सन्दर्भ सामग्रीहरू ३९
अनुसुचि २ : कार्यक्रम सम्वन्धी केही झलक ४०
अनुसुचि ३ : कार्यशाला गोष्ठीमा उपस्थित सहभागिहरुको उपस्थिति ४१
अनुसचि ४ : तथ्यांक संकलन सूची ४५
अनुसूचि ५ : आर्थिक ऐन २०७९ ५३

**तालिकाहरु**

तालिका-१ आन्तरिक आय परिचालनको बर्तमान अवस्था १८
तालिका-२ पूर्वखोला गाउँपालिकाको राजश्व संकलनको अवस्था २७
तालिका-३ कर तथा गैर कर राजश्व सुधार योजना ३०
तालिका-४ राजश्व प्रशासन सुधार कार्ययोजना ३३
तालिका-५ आगामी आर्थिक बर्षहरुको लागि राजश्व प्रक्षेपण ३४
तालिका-६ आगामी ३ बर्षको आय प्रक्षेपण ३६
तालिका-७ गाउँपालिकाको प्रक्षेपित आय संरचना ३७

# परिच्छेद-१
# राजश्व सुधार कार्ययोजनाको परिचय

## १.१ पृष्ठभुमी

नेपालको संबिधान २०७२ को धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने उल्लेख गरिएको छ । त्यसैगरी नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानुन बमोजिम गर्ने छ । राज्यशक्तिको बाँडफाँड संविधानको धारा ५७ ले स्पष्टसँग संघ, प्रदेश र स्थानीयमा गरिदिएको छ । सोही धारामा संविधानको अनुसूची ८ मा स्थानीय तहका एकल अधिकारका क्षेत्रहरु तथा अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सम्बन्धमा स्पष्ट उल्लेख गरिएको छ ।

पूर्वखोला गाउँपालिकाका मुख्य आय स्रोतमा संघीय तथा प्रदेश सरकारबाट वार्षिक रुपमा प्राप्त हुने समानिकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदान र राजश्व बाँडफाँडबाट प्राप्त रकम रहेका छन् । त्यसैगरी संविधानत प्राप्त अधिकार क्षेत्रबाट स्थानीय स्तरमा आन्तरिक कर, सेवा शुल्क, दस्तुर तथा राजश्व संकलन गरिएको छ । वार्षिक बजेटमा गाउँपालिकाले आन्तरिक रुपमा उठाउने राजश्वको अनुपात न्यून रहेको छ । नेपालको संविधान, २०७२ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय सरकारहरुलाई विभिन्न स्रोतबाट कर उठाउन सक्ने प्रावधान गरेको भए तापनि यथार्थमा यस्ता स्रोतहरुबाट यथेष्ट राजस्व उठाउन नसक्नु गाउँपालिकाको आन्तरिक स्रोतबाट कम राजस्व परिचालन हुनुको एक कारण हो । अर्कोतर्फ, राजस्व उठाउन सकिने संभावना रहेका क्षेत्रहरु बाट पनि गाउँपालिकाले राजस्व उठाउन सकिरहेको छैन । यसैले पनि पूर्वखोला गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तयरी गरी राजश्व प्रणालीमा सुधार गर्न सान्दर्भिक देखिन्छ । आन्तरिक आयका श्रोतहरुको सम्भावनाको सम्बन्धमा अध्ययन गरी राजश्व सुधार कार्ययोजना सहितको प्रतिवेदन मार्फत राजश्व परामर्श समितिलाई राजश्वको बर्तमान अवस्थामा सुधार गर्न तथा आगामी तीन वर्षसम्मको राजस्व प्रक्षेपण गर्ने कार्यलाई सहयोग पुऱ्याउने उद्देश्यका साथ प्रदेश शुसासन केन्द्र नेपालगन्जको आर्थिक तथा प्राबिधिक सहयोग तथा परामर्श दातृ संस्था सिटी सपोर्ट इनिसिएटीभ (City Support Initiative) रुपन्देहीको सहजिकरणमा पूर्वखोला गाउँपालिकाको यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) तयार गरिएको छ । यस प्रतिवेदनमा पूर्वखोला गाउँपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था अध्ययन, विश्लेषण गरी प्राप्त नतिजाका आधारमा राजश्व सुधारको लागि गर्नुपर्ने कार्यहरूको पहिचान गरिएको छ र सोका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण समेत गरिएको छ । यस राजस्व सुधार कार्ययोजनाले गाउँपालिकाको राजश्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्ने तथा आगामी वर्षहरूको बजेट तयार गर्न आधार बन्ने विश्वास लिइएको छ । संलग्न प्रतिबेदनलाई सात परिच्छेदमा बिभाजन गरी निम्न विषय वस्तुहरू समेट्ने प्रयास गरिएको छ ।

**प्रतिवेदनमा समेटिएका विषयवस्तुहरु**

परिच्छेद १. राजश्व सुधार कार्ययोजनाको परिचय  
परिच्छेद २. गाउँपालिकाको संक्षिप्त परिचय  
परिच्छेद ३. स्थानीय तहको राजश्व अधिकार तथा आय संभाव्यता  
परिच्छेद ४. आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था  
परिच्छेद ५. राजश्व सुधार कार्ययोजना  
परिच्छेद ६. आगामी ३ वर्षको आय प्रक्षेपण  
परिच्छेद ७ निष्कर्ष तथा सुझाव

## १.२ राजश्व सुधार कार्ययोजनाको परिचय

नेपालको राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने विद्यमान संवैधानिक व्यवस्था रहेको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठुलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ तथा प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान एवं राजस्व बाँडफाँड बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, दस्तुर तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघ-संस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्व स्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमतिमा वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत छ ।

संवैधानिक अधिकार भित्र रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गाउँपालिकालाई आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न सकिरहेको अवस्था भने छैन । यसको मुख्य कारण बिगत बर्षहरुमा स्थानीय तहको संरचना नयाँ हुनु तथा राजश्व संकलन तथा परिचालन सम्वन्धी आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको ब्यवस्थापन, आयको सम्भाव्यता अध्ययन, आन्तरिक नियन्त्रण प्रणालीको स्थापना आदिको ब्यवस्था तथा अभ्यासको कमी हुनु रहेको छ ।

पूर्वखोला गाउँपालिकाको राजस्व सुधारका लागि गाउँपालिकाकै नेतृत्वमा सहभागितामूलक प्रकृया अवलम्वन गरी यो कार्ययोजना तर्जुमा गरिएको छ । दस्तावेज तयार गर्ने प्रकृयाको प्रमुख उपलब्धिका रुपमा गाउँपालिकाका जनप्रतिनिधिहरु, कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई राजस्व परिचालनको क्षेत्रमा आधारभूत जानकारी प्राप्त भएको छ । यसै क्रममा गाउँपालिकाको आन्तरिक आयको क्षेत्रमा रहेका समस्या तथा अवसरको पहिचान गरी सुधारको कार्ययोजना तयार गर्ने र आगामी तीन वर्षका लागि आयको प्रक्षेपण गर्ने मार्गदर्शन तयार हुने अपेक्षा लिइएको छ ।

## १.३ कार्ययोजनाको उद्देश्य

पूर्वखोला गाउँपालिकाको राजश्व सुधार कार्य योजना तयारी गर्नुको मुलभूत उद्देश्य गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा बर्तमान समस्या बिश्लेषण तथा सुधारका कृयाकलापहरु सहितको अगामी ३ बर्षको आय प्रक्षेपण गर्नु रहेको छ भने यस कार्ययोजना तयार गर्नुको विशिष्ट उद्देश्यहरू देहाय अनुसार रहेका छन् ।

- स्थानीय तहको आय अधिकार तथा राजश्व सुधार कार्ययोजना सम्वन्धमा निर्बाचित जनप्रतिनिधिहरु, राजश्व परामर्श समितिका सदस्यहरु, कर्मचारीहरु तथा सरोकारवालाहरुलाई अभिमुखिकरण गर्ने ।
- आन्तरिक आय बृद्धिको लागि आयका प्रमुख स्रोतहरुको संभावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- आन्तरिक आयको बृद्धिदर तथा कुल आयमा आन्तरिक आयको हिस्साको बृद्धि दरको विश्लेषण गर्ने ।
- राजश्व प्रशासनको संस्थागत ब्यवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय बृद्धिका सम्भावनाहरु पहिचान गरी आय सुधार रणनीति र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने ।
- आयका नयाँ सम्भावनाहरुको पहिचान गर्ने ।

## १.४ सूचना संकलन तथा कार्यशाला सञ्चालन विधि तथा प्रक्रियाः

राजश्व सुधार कार्ययोजना तयारी गर्ने सन्दर्भमा पूर्वखोला गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरु सहितको सहभागितामा अभिमुखिकरण कार्यक्रम तथा कार्यशाला गोष्ठीको आयोजना गरी सम्पन्न गरिएको थियो । यसका साथै अन्तरक्रिया तथा राजश्व सुधार कार्ययोजना तयारी सम्वन्धी सूचना संकलन फारामको उपयोग तथा सम्बन्धित कर्मचारी तथा जनप्रतिनिधिहरुसँग छलफल जस्ता विधिहरुको प्रयोग गरि सूचना संकलन गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूको विस्तृत विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### १.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । पूर्वखोला गाउँपालिकाको वेवसाईट तथा विभिन्न शाखा तथा उपशाखाहरुवाट संकलित सुचना तथा बार्षिक प्रतिबेदनहरु, गाउँपालिकामा भएको शाखागत छलफल, राजश्व परामर्श समितिसंगको छलफल र सन्दर्भ सामाग्रिहरुवाट सुचना तथा तथ्यांकहरु संकलन गरी विश्लेषण गरिएको थियो । त्यस पश्चात कार्ययोजना अनुसार नै प्रारम्भिक सुचनाहरुलाई आधार लिदै पुन गाउँपालिकाको बिभिन्न शाखा जस्तै लेखा तथा राजश्व शाखा, प्राबिधिक शाखा, खरिद शाखा, प्रशासन शाखा लगायत विभिन्न शाखा तथा इकाईहरुबाट आवस्यक सुचना र तथ्याङ्कहरु संकलन गरिएको थियो । तथ्यांक संकलनको क्रममा आवश्यकता अनुसार प्रारम्भिक बिष्लेषण समेत गरिएको थियो । यसै क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सन्दर्भ सामग्रीहरू अनुसूची १ मा दिइएको छ ।

### १.४.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास

तथ्यांक संकलन गर्नु अघि विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन तथा विश्लेषण गरी परामर्श दातृ संस्थाबाट खटिएका बिज्ञबाट अन्य स्थानीय तहहरुमा गरेको अभ्यास तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रकाशित कार्यबिधि र गाउँपालिकाको स्थानीय वस्तुस्थितिलाई समेत मध्यनजर गरी सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास गरिएको थियो । पूर्वखोला गाउँपालिकाको राजश्व सुधार कार्ययोजनाको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फाराम अनुसूची २ मा समावेश गरिएको छ

### १.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम

पूर्वखोला गाउपालिकाको राजश्व सुधार कार्ययोजना तैयारी सम्वन्धी प्रारम्भिक बैठक तथा अभिमुखिकरण कार्यक्रम मिति २०७९ चैत्र १० गते संचालन गरिएको थियो । कार्यक्रम पूर्वखोला गाउँपालिकाको राजश्व परामर्श समितिका संयोजक एवं गाउँपालिकाका उपाध्यक्ष श्री भागिरथी शर्माज्यूको अध्यक्षता तथा गाउँपालिकाका अध्यक्ष श्री नुन बहादुर थापाको प्रमुख आतिथ्यतता एवं गाउँपालिकाका राजश्व परामर्श समितिका सदस्यहरु, कार्यपालिका सदस्यहरु, शाखा प्रमुखहरु, वडा सचिबहरु र अन्य सरोकारवालाहरुको सहभागितामा संचालन गरिएको थियो । गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृतज्यूले सञ्चालन गर्नु भएको उक्त कार्यक्रम गाउँपालिकाका अध्यक्ष श्री नुन बहादुर थापाले कार्यकमको सुभारम्भ गर्दे राजश्व कार्ययोजनाको महत्वमा समेत प्रकाशपार्नु भएको थियो । कार्यकमको पहिलो शत्रमा परामर्श दातृ संस्थाको तर्फबाट राजश्व संकलन तथा व्यवस्थापन सम्बन्धी भएका कानुनी प्राबधानको बारेमा जानकारीका साथै अध्ययन कार्यको उद्देश्य, विधि, तथ्यांक संकलनका क्षेत्र तथा स्रोतहरु, अध्ययन प्रतिवेदन आदिको बारेमा सहभागिलाई अभिमुखिकरण गरिएको थियो ।

कार्यक्रमको दोश्रो सत्रमा सहभागिहरुकै सहभागितामा गाउँपालिकाका राजश्वका सम्भावित क्षेत्रहरु र ति क्षेत्रहरुलाई कार्यान्वयन ल्याउन चालिनुपर्ने रणनितिहरुको बारे ब्यापक छलफल गरी प्रस्तुती समेत गरिएको थियो । दोश्रो सत्रको कार्यक्रममा परामर्श दातृ संस्थाको तर्फबाट संकलित सूचना तथा तथ्याङ्कका आधारमा गाउँपालिकाको राजश्वको बर्तमान अवस्थाको प्रारम्भिक प्रतिवेदन समेत प्रस्तुत गरिएको थियो ।

सहभागिहरुलाई बिभिन्न समुहमा बिभाजन गरी प्रारम्भिक प्रतिबेदनका आधारमा कर तथा गैर करका क्षेत्रमा आगामी दिनहरुमा के गर्दा अझ राम्रो गर्न सकिन्छ भन्ने बारे राय संकलन समेत गरिएको थियो ।

**कार्यक्रमका सहभागिहरु**

राजश्व सुधार कार्ययोजना तर्जुमा सम्वन्धी संचालन गरिएको अभिमुखिकरण तथा कार्यशाला गोष्ठीमा निर्बाचित जनप्रतिनिधिहरु, राजश्व परामर्श समितिका सदस्यहरु, कर्मचारीहरु तथा सरोकारवालाहरु गरी ३४ जना को सहभागिता रहेको थियो । जसमध्ये महिलाको संख्या ७ थियो भने पुरुषको संख्या २७ रहेको थियो । कार्यक्रममा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, बडा अध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु, वडा सचिवहरु, राजश्व परामर्श समितिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत बिभिन्न शाखाका प्रमुखहरुको उपस्थिति रहेको थियो । सहभागिहरुको बिबरण अनुसूचि  मा समावेश गरिएको छ ।

**छलफल तथा अन्तरकृया कार्यक्रम**

कार्यक्रममा परामर्श दातृ संस्थाको तर्फवाट विषयवस्तुको प्रस्तुति पश्चात सहभागिहरुको विचमा छलफल कार्यक्रम संचालन गरिएको थियो । छलफलको क्रममा व्यक्त विचार तथा प्रस्तुतीको सार तल प्रस्तुत गरिएको छ ।

**अध्यक्ष श्री नुन बहादुर थापा**

अभिमुखिकरण तथा कार्यशाला गोष्ठीले राजश्व परामर्श समिति तथा कार्यपालिकाका सदस्यहरुको राजश्व परिचालन सम्वन्धी क्षमता विकास गर्ने अपेक्षा गरिएको छ । राजश्व सम्वन्धी ३ वर्षे कार्ययोजना ढिला गरि वन्न लागेता आगामी दिनमा यसले आन्तरिक राजश्व परिचालनमा ठूलो सहयोग पुऱ्याउने छ । नयाँ नयाँ राजश्वका क्षेत्रहरुको पहिचान हुने र राजस्व संकलनमा बृद्धि भै स्थानीय स्तरका मागलाई सम्वोधन गर्न सक्ने अवस्था रहने छ । राजस्व संकलन सम्वन्धमा आगामि दिनहरुमा गाउँपालिकाले स्थानीय स्तरमा राजस्व सचेतना सम्वन्धी कार्यक्रमहरु संचालन गर्न आवश्यक रहेको बिचार ब्यक्त गर्नुभएको थियो ।

**उपाध्यक्ष श्री भागिरथी शर्मा**

कानुनले स्थानीय सरकारलाई राजश्वको दर निर्धारण गर्ने, उठाउने र उठेको रकम योजना बनाई विकास निर्माण र सेवा प्रवाहमा खर्च गर्ने अधिकार दिएको छ । पूर्वखोला गाउँपालिकाले अपेक्षा र संभावना भए अनुसारको राजश्व संकलन गर्न सकेको छैन, राजश्व सम्वन्धी आवश्यक लगत संकलन गरी अध्यावधिक गर्नु आवश्यक छ । यो अध्ययनले गाउँपालिकाको क्षेत्राधिकार भित्रका राजश्वका क्षेत्रहरुको पहिचाहन गरी आगामी दिनहरुमा अझ बढी ब्यवस्थित रुपमा संकलन गर्नको लागि महत्वपूर्ण पृष्ठपोषण दिने अपेक्षा राख्नु भएको थियो ।

**प्रमुख प्रशासकिय अधिकृत मान बहादुर सारु**

यस अध्ययनले राजश्व परामर्श समितिलाई सही मार्गदर्शन दिने अपेक्षाका साथै विगतमा आर्थिक ऐन कार्यान्वयन गर्दा आई परेका समस्याका साथै सवल पक्ष र दुर्लव पक्षहरुका विषयमा प्रष्ट्याउने अपेक्षा राख्नु भएको थियो । मुलभुत रुपमा आगामी दिनहरुमा पालिकाले सम्पत्ति कर र व्यवसायीक कर, घर बहाल कर, नक्सा पास, दहत्तर बहत्तर लगायतको क्षेत्रलाई प्राथमिकता दिई कार्यान्वयनमा ल्याउन आवश्यक रहेको बिचार राख्नु भएको थियो । पालिकामा खानिजन्य प्राकृतिक श्रोत साधनको पनि संभावना रहेको भएता पनि बिस्तृत अध्ययनको अभावमा कार्यान्वयनमा ल्याउन नसकिएको तथा गाउँपालिकाले राजश्व बृद्धिका लागि राजश्वको दर भन्दा पनि दायरालाई विस्तार गर्नु आवश्यक रहेको बिचार ब्यक्त गर्नु भएको थियो ।

**अन्य सहभागिहरुको भनाई संक्षेपमा**

खुल्ला छलफल र समुह कार्यमा राजश्व परामर्श समितिका सदस्यहरु, कार्यपालिकाका सदस्यहरु, शाखा प्रमुखहरु र सरोकारवालाहरुको सकृय सहभागिता रहेको थियो । छलफलमा खासगरी विगतमा राजश्व संकलनमा आईपरेका समस्या चुनौतीहरु र अवसर संभावनाहरुको वारेमा घनिभुत छलफल गरिएको थियो । छलफलमा आएका मुख्य विचार तथा सुझावहरुलाई वुंदागत रुपमा तल प्रस्तुत गरिएको छ ।

- सम्पति कर लगाउने सम्वन्धमा थप गृहकार्य गरी कार्यान्वयनमा ल्याउनु पर्नेमा सबैको सहमत रहेको र यसमा गाउँपालिकाले अग्रसरता लिनुपर्ने र सबै सरोकारबालाहरुको सहयोग रहने सुझाव प्राप्त भएको

थियो ॥ सम्पति कर लागु गर्नु पूर्व जग्गाको वर्गिकरण र आवश्यक तथ्याङ्क संकलन गरी बिषेश तयारीका साथ लैजानु पर्नेमा सबैको जोड रहेको थियो ।

- पालिकाबासिहरुले मालपोत समयमा तिर्ने नगरेकोले कर समयमा तिर्नु पर्दछ भन्ने सचेतना वढाउनु पर्दछ । यसको लागि अभिमुखिकरण कार्यक्रम संचालन गर्न पालिकाले वार्षिक वजेटमा रकम विनियोजन गर्नु पर्दछ ।
- दर्ता भएका संस्था र खासगरी वित्तिय कारोवार गर्ने संघ संस्थाहरुले घर वहाल कर तिर्ने गरेका छन् । जग्गा लिजमा दिएका तथा घर बहालमा दिने व्यक्तिहरुबाट घर बहाल कर संकलन हुन सकेको छैन ।
- व्यवसाय कर स्वेच्छिक रुपमा तिर्ने गरेका, अतः अनिबार्य गर्नुपर्नेमा एकमत रहेको ।
- कवाडिवाट राजश्व उठ्ने संभावना छ । कवाडिको कारोवार गर्ने व्यवसायीहरुले संकलन गरी तानसेन पुऱ्याउने गरेका छन् । यो अवसरलाई गाउँपालिकाले उपयोग गर्नुपर्दछ ।
- मनोरन्जन कर तथा विज्ञापन कर तत्काल संकलन गर्ने संभावना नभएता पनि केही बर्ष पछि कार्यान्वयनमा ल्याउन जरुरी देखिन्छ ।
- नदीजन्य पदार्थ गिट्टी, ढुङ्गा तथा बालुबा संकलन तथा निकासिको संभावना छ । बिगत बर्षहरुका सो क्षेत्र बाट बार्षिक रु ७ लाख सम्म राजस्व संकलन भएको देखिन्छ । आगामी दिनहरुका सो क्षेत्रको राजस्व संकलन लाई अझ बैज्ञानिक गरिनु पर्दछ । यसको लागि संभावित स्थलहरु पहिचाहन गरि उचित परिमाण एकिन गर्ने तथा अनुगमन वढाउनु पर्ने आवश्यकता छ ।
- घर नक्सापासलाई अनिवार्य गर्नुपर्ने । श्रृण लिनको लागि आवश्यक परेमा आउने गरेको देखिन्छ । वनेका घरको अभिलेखिकरणको लागि ६ महिनाको म्याद दिई अनिवार्य गर्न लगाउने ।
- सबै सडकको नामाकरण गरी आवश्यकता अनुसार सडकको लगत कट्टा गरी दुबै तर्फको जग्गा एकिन गर्न आवश्यक छ ।

### १.४.४ तथ्यांक/सूचना संकलन तथा बिश्लेषण

तथ्यांक संकलन ढाँचा तथा फारम (अनुसुचिमा राखिएको) अनुसार आवश्यक तथ्याङ्क तथा सूचनाहरु संकलन गरिएको थियो । साथै राजश्व संकलन सम्बन्धी अन्य द्धितिय स्रोतका तथ्यांक तथा जानाकारीहरु समेत संकलन गरिएको थियो । अध्ययनका क्रममा विशेष गरि घर तथा जग्गाको विवरण, गाउँपालिकाको स्वामित्वमा रहेको जग्गा जमिन वा भौतिक सम्पत्ती, गाउँपालिकाले निर्माण गरेको वा हस्तान्तरण भै आएको सडक , गाउँ तथा नगर उन्मोख क्षेत्रमा रहेका व्यापार व्यवसायहरु सम्वन्धी जानकारी, गाउँपालिकाले उपलब्ध गराउने विभिन्न सेवाहरुको विवरण संकलन गरिएको थियो । साथै राजस्व प्रशासन तथा सूचना प्रवाहसम्बन्धी विवरण, गत वर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरणहरु, चालु वर्षको आर्थिक ऐन तथा बजेट, गाउँपालिकाको वस्तुगत विवरण, कर्मचारी विवरण तथा संगठन संरचना (Organogram), आन्तरिक आय संकलनको अवस्था, संभाब्य स्रोत र क्षेत्र तथा सभाबाट स्विकृत दर सम्बन्धी विस्तृत विवरण एवं आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना संकलन गरिएको थियो ।

विभिन्न स्रोतहरुबाट प्राप्त तथ्यांक तथा सुचनाहरुलाई कम्प्युटरमा प्रवृष्ट गरि आवश्यकता अनुसार विभिन्न बिधिहरुको प्रयोग गरी बिश्लेषण गरिएको छ र प्राप्त जानाकारीहरुलाई तालिकाबद्ध रुपमा व्यवस्थित गर्ने प्रयास गरिएको छ भने अन्य सरोकारबाला पक्षहरु बाट प्राप्त सुझाव तथा सल्लाह समेत समावेश गर्ने प्रयास गरिएको छ ।

### १.४.५ राजश्ब सुधार कार्ययोजना प्रस्तुतिकरण र सुझाव संकलन कार्यशाला गोष्ठी

पूर्वखोला गाउँपालिकाको कार्यालय र प्रदेश सुशासन केन्द्रमा राजश्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन आवश्यक राय सुझावको लागि पेश गरिएको थियो । गाउँपालिकाको कार्यालय तथा प्रदेश सुशासन केन्द्र नेपालगञ्जबाट प्राप्त सुझावहरुलाई समावेश गरी गाउँपालिकाको आयोजनामा मिति २०८० जेष्ठ २१ गते राजश्ब सुधार कार्ययोजना प्रस्तुतिकरण र सुझाव संकलन कार्यशाला गोष्ठी सम्मन्न भएको छ ।

गाउँपालिकाका अध्यक्ष श्री नुन बहादुर थापाज्यूको अध्यक्षतामा भएको कार्यशालामा गाउँपालिकाका उपाध्यक्ष एवं राजश्व परामर्श समितिका संयोजक श्री भागिरथी शर्मा भट्टराई, प्र.प्र.अ. श्री मान बहादुर सारु., राजश्व परामर्श समितिका सदस्यहरु, वडा अध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु, बिभिन्न शाखा तथा ईकाइ प्रमुख र वडा सचिवहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा परामर्श दातृ संस्थाको तर्फबाट कार्ययोजना सहितको राजस्व सुधार योजना प्रस्तुत गरिएको र सहभागिहरुवाट थप पृष्ठपोषण लिइएको थियो । कार्यक्रमको अन्तिममा गाउँपालिकाका अध्यक्षज्यूवाट कार्ययोजनाको कार्यान्वयन गर्ने, आवश्यकता अनुसार परिमार्जन गर्ने, राजश्व शाखालाई जिम्मेवार वनाउने र क्षमता विकास र राजश्व कार्ययोजनाले निर्देश गरेका कृयाकलापहरुमा वजेट विनियोजन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । गाउँपालिकाका उपाध्यक्ष एवं राजश्व परामर्श समितिका संयोजक श्री भागिरथी शर्मा भट्टराईज्यूले प्रदेश सुशासन केन्द्र, नेपालगञ्ज र परामर्श दातृ संस्थालाई सहयोगको लागि धन्यवाद दिनु भएको थिया ।

### १.४.६ कार्ययोजनालाई अन्तिम रुप प्रदान तथा कार्यालयमा पेश

राजश्व सुधार कार्ययोजनाको अन्तिम मस्यौदा प्रतिवेदन माथि गाउँपालिका र विभिन्न सरकोवाला पक्षहरुबाट प्राप्त सल्लाह तथा सुझावहरु समावेश गरी राजस्व सुधार कार्ययोजना प्रतिवेदनलाई अन्तिम रुप प्रदान गरी गाउँपालिकाको कार्यालयमा पेश गरिएको छ । यो अध्ययन प्रतिवेदनलाई गाउँकार्यपालिकाको वैठकले स्विकृत गरी कार्यान्वयन प्रकृयामा लैजाने अपेक्षा गरिएको छ ।

# परिच्छेद-२
# गाउँपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा पूर्वखोला गाउँपालिकाको आय परिचालनसँग प्रत्यक्ष-अप्रत्यक्ष सम्बन्धित पक्षहरूलाई समावेश गरिएको छ । यसले गाउँपालिकाको भौगोलिक, आर्थिक, सामाजिक अवस्था तथा गाउँपालिकाको संस्थागत क्षमतालाई चित्रण गर्दछ ।

## २.१ गाउँपालिकाको संक्षिप्त परिचयः
### २.१.१ भौगोलिक अवस्थिति तथा प्रशासनिक बिभाजन

नेपालको लुम्बिनी प्रदेशमा पर्ने पाल्पा जिल्ला पूर्वमा नवलपरासी, पश्चिममा अर्घाखाँची र गुल्मी उत्तरमा स्याङ्जा, तनहुँ र गुल्मी तथा दक्षिणमा रुपन्देही र नवलपरासीको विचमा अवस्थित पहाडी भू भाग हो । १,३७३ वर्ग किलोमिटर क्षेत्रफल रहेको यो जिल्ला नेपाल राज्यको मानचित्रमा २७ डिग्री ४० मिनेट देखि २७ डिग्री ५७ मिनेट उत्तरी अक्षांश र ८३ डिग्री १४ मिनेट देखि ८४ डिग्री ०२ मिनेट पूर्वी देशान्तरवीच फैलिएको छ । यस जिल्लाको भूभागहरु समुद्र सतहवाट करीव २०० मटिर देखि २००० मिटर उचाई सम्म रहेका छन् । यो पहाडी जिल्ला भएपनि माडी, रामपुर, अर्गली, हुँगी, कचल, दर्पुक, सर्देवा, पूर्वखोला, अँगाहाखोला जस्ता खेतीयोग्य फाँटहरु पनि छन् । यस जिल्लामा ८ गाउँपालिका, २ नगरपालिका र ८१ वटा वडा रहेको साथै २ वटा संसदीय निर्वाचन क्षेत्र र ४ वटा प्रादेशिक निर्वाचन क्षेत्र रहेका छन् ।

स्थानीय तह निर्धारण तथा सिफारिस अयोगको २०७३ सालको सिफारिसका आधारमा नेपाल सरकारले मुलुक भरी ७५३ तह घोषण गर्दा पूर्वखोला गाउँपालिकालाई आयोगको सिफारिसमा नेपाल सरकारले साविकका ६ वटा गाबिसहरुलाई.गाभेर ६ वटा वडामा विभाजन गरी घोषणा गरेको थियो ।




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

पाल्पा जिल्लामा रहेका १० वटा स्थानीय तहहरु मध्ये पूर्वखोला गाउँपालिका दुर्गम तथा भौगोलिक रुपमा विकट गाउँपालिका हो । यस गाउँपालिकाको सिमाना पूर्वमा रामपुर नगरपालिका र निस्दी गाँउपालिका, पश्चिममा माथागढी तथा रम्बा गाउपालिका दक्षिणमा निस्दी तथा माथागढी गाउँपालिका सँग जोडिएको छ भने उत्तरमा रामपुर नगरपालिका तथा रम्बा गाँउपालिकाहरु पर्दछन् । यस गाउँपालिकाको अधिकाँश भूभाग पहाडी क्षेत्र भित्र

पर्दछ । यो गाउंपालिकाको कुल क्षेत्रफल १३८.०२ बर्ग किलोमिटर रहेको छ । पूर्वखोला गाउँपालिकामा हाल ६ वटा वडाहरु कायम गरिएको र गाउँपालिका केन्द्र रिङ्नेरहमा राखी सोही स्थानबाट कार्य सञ्चालन भइरहेको छ । साविक सिलुवा, रिङ्नेरह, जाल्पा, देबिनगर, बिरकोट र हेक्लाङ गाउँ विकास समिति मिलाएर पूर्वखोला गाउँपालिकाको स्थापाना भएको हो । यहाँका साँस्कृतिक/ऐतिहासिक स्थलहरुमा अर्खलडाडा कोत घर, दार्मिचौर कोत घर,रोङढ्याङ बराही मन्दीर,साउने दोभान शिव मन्दीर, बिरकोट स्थित कोटघर (मौता देबी मन्दीर) आदि रहेका छन् । गाउँपालिकाको बिच भागबाट पूर्व तर्फ बग्ने पूर्वखोला खोलाको नामबाट नै पालिकाको पूर्वखोला नामाकरण गरिएको हो ।

### २.१.२ जनसंख्या

पूर्वखोला गाउँपालिकाको कूल जनसङ्ख्या वि.सं.२०७८ सालको जनगणना अनुसार १६०५२ रहेको छ, जसमा महिला ८९५९ (५५.८०%) जना र पुरूष ७०९३ (४४.२०%) जना रहेका छन् । लैङ्गिक अनुपात ७९.१७ रहेको छ । त्यसैगरी जनघनत्व ११६ प्रति वर्गकिलोमिटर र परिवारको औषत आकार ३.९० व्यक्ति प्रति परिवार रहेको देखिन्छ । उमेरगत जनसङ्ख्याको विश्लेषण गर्दा सवैभन्दा धेरै संख्या १५ देखि १९ वर्ष उमेर समूहको रहेको छ । यसैगरी सवैभन्दा कम संख्यामा ९५ देखि माथिको उमेर समूह रहेको छ । ५ वर्षभन्दा कम उमेर समूहका बालबालिकाको संख्या १२५३ (७.८१%) रहेको छ । १५ देखि ५९ वर्ष उमेर सम्मको आर्थिक रुपमा सक्रीय जनसंख्या ९६३५ (६०.००%) रहेको छ । राष्ट्रिय जनगणना-२०६८ तथा २०७८ लाई तुलना गर्दा जनसंख्या क्रमशः घटिरहेको देखिन्छ । मृत्युदरमा आएको कमी तथा बसाइसराईको कारणले जनसंख्या वृद्धिदर न्यून भई यस्तो नतीजा आएको हुन सक्ने आंकलन गरिएको छ । घरधुरी तथा जनसंख्याको वडागत विवरण तलको तालिकामा दिइएको छ ।

| वडा नं. | राष्ट्रिय जनगणना २०७८ | | | | औसत परिवार संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| | घरधुरी | महिला | पुरुष | जम्मा | | |
| १ | १०४५ | २२४९ | १८२१ | ४०७० | ३.८९ | |
| २ | ६५२ | १३५७ | ११५९ | २५१६ | ३.८६ | |
| ३ | ५७९ | ११९४ | ९६२ | २१५६ | ३.७२ | |
| ४ | ६१२ | १३४४ | १०८९ | २४३३ | ३.९८ | |
| ५ | ७८९ | १८०७ | १३२४ | ३१३१ | ३.९७ | |
| ६ | ४४४ | १००८ | ७३८ | १७४६ | ३.९३ | |
| **जम्मा** | **४१२१** | **८९५९** | **७०९३** | **१६०५२** | **३.९०** | |

***स्रोत : राष्ट्रिय जनगणना २०७८***

### २.१.३ घरको जग्गामा स्वामित्वको अवस्था

यस पालिकामा ३९४२ परिवार आफ्नै स्वामित्वको घरमा बस्ने गरेको देखिएको छ भने भाडामा बस्नेको संख्या १५६ रहेको छ । त्यसैगरी यस पालिकामा ३४४९ (करिव ८३.७०%) परिवारका महिलामा घर तथा जमिनको स्वामित्व रहेको देखिदैन भने घर तथा जग्गा दुवैमा स्वामित्व हुने महिलाको प्रतिशत ६.४०% रहेको छ । घरको स्वामित्व अनुसारको परिवार संख्या तथा घर जग्गामा महिलाको स्वामित्व सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ ।

| घरको स्वामित्व सम्वन्धी बिबरण | | |
|---|---|---|
| **बिबरण** | **परिवार संख्या** | **प्रतिशत** |
| आफ्नै | ३९४२ | ९५.६० |
| भाडा | १५६ | ३.८० |
| संस्थागत | ८ | ०.२० |
| अन्य | १५ | ०.४० |
| जम्मा | ४१२१ | १०० |

| घर जग्गामा महिलाको स्वामित्व स्थिति | | |
|---|---|---|
| **बिबरण** | **परिवार संख्या** | **प्रतिशत** |
| घरमा मात्र स्वामित्व | २५ | ०.६० |
| जमिनमा मात्र स्वामित्व | ३०१ | ७.३० |
| घर तथा जमिन दुवैमा स्वामित्व | २६४ | ६.४० |
| दुवैमा स्वामित्व नभएको | ३४४९ | ८३.७० |
| उल्लेख गर्न नचाहेको | ८२ | २.०० |
| जम्मा | ४१२१ | १०० |

***श्रोत : राष्ट्रिय जनगणना-२०७८***

### २.१.४ अनुपस्थित जनसंख्या

यस पालिकामा कमसेकम एक जना बाह्य मुलुकमा जाने परिवारको संख्या २०२७ रहेको छ। अन्य अनुपस्थित जनसंख्याको विवरण देहाय कमोजिम दिइएको छ।

कमसेकम एक जना बाह्य मुलुकमा जाने परिवार संख्या र अनुपस्थित जनसंख्या

| कमसेकम एक जना बाह्य मुलुकमा जाने परिवार संख्या | अनुपस्थित जनसंख्या | | |
|---|---|---|---|
| | जम्मा | पुरुष | महिला |
| २०२७ | २९०२ | २६७३ | २२९ |

*श्रोत : राष्ट्रिय जनगणना-२०७८*

### २.१.५ लघु उद्यम/व्यवसाय सम्बन्धी अवस्था

यस पालिकामा ३८०५ परिवारहरु कुनैपनि लघु उद्यम/व्यवसायमा संलग्न हुन सकेका छैनन् । लघु उद्यम/व्यवसाय सञ्चालन गर्ने परिवारको विवरण तल दिइएको छ।

| लघु उद्यम/व्यवसायको प्रकार | | | | | | | | | | नखुलेको | कृषि बाहेक अन्य कुनै उद्यम नभएको परिवार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| घरेलु उद्योग | | व्यापार/व्यवसाय | | यातायात व्यवसाय | | सेवा | | अन्य | | | |
| पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | | |
| ३२ | १२ | ७८ | ८० | १२ | ३ | १५ | ४१ | १८ | २३ | १२ | ३८०५ |

*श्रोत : राष्ट्रिय जनगणना-२०७८*

### २.१.६ परिवारमा उपलब्ध साधन तथा सुविधाको विवरण

यस पालिकामा कुनै पनि साधन सुविधा उपयोग गर्न नसक्ने परिवारको संख्या १८६ रहेको छ। विभिन्न सुविधाहरु उपयोग गर्ने परिवारको विवरण तल उल्लेख गरिएको छ।

| सेवा सुविधाका प्रकार | संख्या | प्रतिशत | सेवा सुविधाका प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| कुनै पनि साधन सुविधा नभएको | **१८६** | ४.५१ | इन्टरनेट | २१२३ | ५१.५२ |
| कमसेकम एक सुविधा भएका | **३९३५** | ९५.४९ | कार/जीप/भ्यान | ७७ | १.८७ |
| रेडियो | २५५५ | ६२.०० | मोटरसाइकल/स्कूटर | ४९७ | १२.०६ |
| टि.भी. | १६२३ | ३९.३८ | साइकल | १९ | ०.४६ |
| ल्याण्डलाइन टेलिफोन | २७ | ०.६६ | इलेक्ट्रिक फ्यान | २०९ | ५.०७ |
| मोबाइल फोन (साधारण) | ३०३६ | ७३.६७ | रेफ्रिजरेटर | १५६ | ३.७९ |
| मोबाइल फोन (स्मार्ट) | २८३३ | ६८.७५ | वासिङ्ग मेसिन | ४ | ०.१० |
| कम्प्युटर/ल्यापटप | २५८ | ६.२६ | एयर कन्डिसन | ५ | ०.१२ |

*श्रोत : राष्ट्रिय जनगणना-२०७८*

### २.१.७ शिक्षा क्षेत्रको स्थिति

नेपालको संविधान २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्वीकार गरेको छ । त्यसैगरी आधारभूत तहसम्मको शिक्षामा पहूँच तथा आधारभूत तहलाई अनिवार्य र निशुल्क शिक्षा, माध्यमिक तहसम्म निशुल्क शिक्षा पाउने हक सुनिश्चित गरिएको छ। नेपालको संविधानले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन स्थानीय तहलाई र उच्च तथा प्राविधिक शिक्षाको व्यवस्थापनको अधिकार प्रदेश सरकारलाई दिएको छ। पूर्वखोला गाउँपालिका अन्तरगत हाल बाल बिकास केन्द्र ४३, आधारभूत तह (१-३)-५, आधारभूत तह (१-५)-१८, आधारभूत तह (१-८)-८, माध्यमिक तह (१-१०)-१, माध्यमिक तह (१-१२)-६, उच्च शिक्षा पढाइ हुने क्याम्पस एक तथा प्राबिधिक धारको पढाईहुने बिद्यालय एक सञ्चालनमा रहेका छन् । यस पालिकाको कूल साक्षरता दर ८१.००% रहेको छ। जस मध्ये पुरुष साक्षरता ८७.८% र महिला साक्षरता ७६.०% रहेको देखिन्छ। पाँच वर्ष देखि १५ वर्षसम्मका विद्यालय जाने उमेरका बालबालिका अहिले पनि बिद्यालयको पहुँच बाहिर रहेका छन्। यसरी बिद्यालयको पहुँच बाहिर रहेका बालवालिकाको सङ्ख्या करिव ५% रहेको छ। गाउँपालिकाले बिशेष कार्यक्रम सञ्चालन गरी बिद्यालय बाहिर रहेका सबै बालवालिकालाई शिक्षाको मूलधारमा ल्याउन आवश्यक छ।

पालिकामा रहेको सम्पूर्ण जनसंख्या मध्ये ५ वर्ष उमेर र सो भन्दा माथिको शैक्षिक अवस्था सम्वन्धी बिवरण तल उल्लेख छ ।

| ५ वर्ष भन्दा माथिको जम्मा जनसंख्या | जनसंख्या-जसले | | | | साक्षरता प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|
| | पढ्न र लेख्न सक्ने | पढ्न मात्र सक्ने | पढ्न लेख्न नसक्ने | नखुलाएको | कूल साक्षरता | पुरुष साक्षरता | महिला साक्षरता |
| १४७९९ | ११९९२ | १९४ | २५९६ | १७ | ८१.०० | ८७.८ | ७६.० |

***श्रोत : राष्ट्रिय जनगणना-२०७८***

**कक्षागत रुपमा बिद्यार्थीको बिवरण:** पूर्वखोला गाउँपालिकाको शिक्षा शाखाको शैक्षिक सत्र २०७९ को तथ्यांक अनुसार गाउँपालिका भित्रका बिद्यालयहरुमा हाल ४५०१ छात्रा तथा छात्रहरु अध्ययनरत छन्र । जस मध्ये छात्राको संख्या २२६० भने छात्रको संख्या २२४१ रहेको छ । कक्षागत बिद्यार्थी बिबरण तल प्रस्तुत गरिएको छ ।

**कक्षागत विद्यार्थी विवरण**

| **छात्रा/ छात्र** | **कक्षागत बिवरण** | | | | | | | | | | | | | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बा.बि | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | |
| छात्रा | ३३५ | १५३ | १२८ | १४३ | १७४ | १६५ | १४४ | १५२ | १९७ | १५९ | १६६ | १४८ | १७७ | २२४१ |
| छात्र | ३८३ | १५२ | १५८ | १७० | १५० | १७९ | १३९ | १७३ | २०२ | १४० | १५८ | १११ | १४५ | २२६० |
| **जम्मा** | **७१८** | **३०५** | **२८६** | **३१३** | **३२४** | **३४४** | **२८३** | **३२५** | **३९९** | **२९९** | **३२४** | **२५९** | **३२२** | ४५०१ |

***श्रोत : शिक्षा शाखा, पूर्वखोला गाँउपालिका, २०७९***

**बिद्यालयहरुमा उपलब्ध सेवाहरुलाई तल उललेख गरिएको छ ।**

| क्र.स | बिबरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | विद्युत सेवा उपलब्ध भएका बिद्यालयहरु | प्रतिशत | ३७ |
| २ | बाल क्लब गठन भएका बिद्यालयहरु | संख्या | १५ |
| ३ | जनशक्ति सहितको प्राथमिक उपचार सेवा उपलब्ध बिद्यालयहरु | संख्या | १ |
| ४ | अपाङ्गमैत्री पूर्वाधारहरु निर्माण भएका बिद्यालयहरु | संख्या | ० |
| ५ | इन्टरनेट सेवा उपलब्ध बिद्यालयहरु | संख्या | १५ |
| ६ | बिज्ञान प्रयोगशाला भएका बिद्यालयहरु | संख्या | ५ |
| ७ | खेल मैदान भएका बिद्यालयहरु | संख्या | १५ |
| ८ | कम्प्युटर प्रयोगशाला भएका बिद्यालयहरु | संख्या | १० |
| ९ | पुस्तकालय कक्ष व्यवस्था भएका बिद्यालयहरु | संख्या | १० |
| १० | प्राविधिक धारको विद्यालय | संख्या | १ |

***श्रोत: शिक्षा शाखा, पूर्वखोला गाउँपालिका २०७९***

### २.१.८ स्वास्थ्य क्षेत्रको अवस्था:

गाउँपालिकाको वडा.नं ४ स्थित बिरकोटमा १५ शैयाको अस्पताल निर्माणाधिन अवस्थामा रहेको र प्रत्येक वडामा बर्थिङ सेन्टर, स्वास्थ्य प्रयोगशाला तथा क्षयरोग उपचार केन्द्र सहितका एक एक स्वास्थ्य चौकीहरु संचालनमा रहेका छन् । त्यसै गरी वडा नं ४ को बिरकोटमा नागरिक आरोग्य केन्द्र रहेको छ । सिलुवा, जल्पाको साठिकोल र लावे, रिग्नेरहको अर्खलडाडा र वीरकोटको भोर्से मा गरी ५ वटा सामुदायिक स्वास्थ्य केन्द्र, १६ स्थानमा गाउँघर क्लिनिक र २४ स्थानमा खोप केन्द्रहरु संचालनमा रहेका छन् ।

**प्राथमिकता प्राप्त स्वास्थ्य सेवाहरुका केही सूचकहरु**

| **सूचकहरु** | **आर्थिक बर्ष** | | |
|---|---|---|---|
| | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| बि.सि.जी कभरेज | ६६.२ | ६५.९ | ६७.१ |
| डि.पि.टी, हेपटाईटिस बि | ६९.८ | ७७.९ | ७५.९ |
| रुवेला कभरेज (९-११ महिना) | ६९.५ | ७१.१ | ७५.९ |

| | | | |
|---|---|---|---|
| जन्मदा २.५ कि.जि भन्दा कम तौल भएका बालबाकिकाको % | ०.९३ | २.९ | १.८ |
| १८० दिन आइरन चक्की प्रयोग गर्ने गर्भवती महिलाको प्रतिशत | ५०.९ | ५१.४ | ७३ |
| भिटामिन ए प्रयोग गर्ने गर्भवती महिलाहरुको प्रतिशत | १०० | १०० | १०० |
| पहिलो पटक स्वास्थ्य संस्थामा जाँच गराउने गर्भवतीको % | ७२.१ | ६६.४ | ७६.५ |
| ४ पटक सम्म स्वास्थ्य संस्थामा जाँच गराउने गर्भवतीको % | ५५.६ | ५६.९ | ७३.२ |
| स्वास्थ्य संस्थामा प्रसुती गराउनेको प्रतिशत | १०० | १०० | १०० |
| शिशु मृत्युदर | ० | ० | ० |
| बाल मृत्युदर | ० | ० | ० |
| मातृ मृत्यु दर | ० | ० | ० |

### २.१.९ खानेपानी तथा सरसफाई

खानेपानी तथा सरसफाईको अधिकार हाम्रो संविधानले मौलिक हककै रुपमा व्यवस्था गरेको छ । खानेपानी तथा सरसफाई सेवाले नागरिकको समग्र स्वास्थ्य स्थितिमा सुधार भै उत्पादनशील मानव संसाधनको विकास गर्न र सामाजिक रहन सहनमा अनुकूल सुधार गर्न योगदान पुग्दछ । जनचेतनाको अभावमा अहिले पनि कतिपय गाउँ वस्तीहरुमा शुद्ध खानेपानीको अभावमा समय समयमा झाडापखाला लगायतका रोगहरु लाग्ने गरेको पाइन्छ । मालिका गाउँपालिकाले विभिन्न श्रोतहरुको परिचालन मार्फत सहज रुपमा आफ्ना नागरिकहरुलाई शुद्ध खानेपानी उपलब्ध गराउन प्रयत्नशील रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार पूर्वखोला गाउँपालिकामा करिव ९४.९५% घर परिवारलाई पाइप धाराबाट खानेपानीको उपलब्धता रहेको छ भने ७०.२८% परिवारलाई घर परिसर भित्रै पाइप धाराबाट खानेपानीको उपलब्धता छ । यस पालिकाले अगाडी सारेको एक घर एक धाराको अवधारणा अनुसार झण्डै ४% घरपरिवारलाई आगामी दिनमा शुद्ध खानेपानीको व्यवस्थापन गर्नुपर्ने देखिएको छ ।

### २.१.१० खनिज तथा खानी सम्बन्धी विवरण

गाउँपालिका क्षेत्रमा हालसम्म खानी तथा खनिज पदार्थहरुको उत्खनन् भएको छैन । खोलाले थुपारेका ढुङ्गा, ग्राभेलको सामान्य उत्खनन् गर्ने बाहेक अन्य खानी तथा खनिज पदार्थको उत्खनन् भएको छैन । अन्य विभिन्न खानी/खनिज पदार्थ एवं प्राकृतिक स्रोतको अध्ययन गर्ने कार्य हुन बाँकी रहेको छ ।

### २.१.११ संस्थागत क्षमता स्व-मूल्याङ्कनको अवस्था

आ.व २०७७/७८ तथा २०७८/७९ को स्थानीय सरकार संस्थागत स्व-मूल्याङ्कनको नतिजामा पूर्वखोला गाउँपालिकाले क्रमस ५०.७५% र ४१.२५% अंक प्राप्त गरेको छ । उक्त मूल्याङ्कनमा मुख्यतया शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, बजेट तथा योजना तर्जुमा, वित्तीय तथा आर्थिक व्यवस्थापन, भौतिक पुर्वाधार, सेवा प्रवाह लगायत अन्तर सम्वन्धित विषयहरु समावेश गरिएको छ । प्राप्त नतिजालाई आधार लिदा गाउँपालिकाले आ.व २०७७/७८ को तुलनामा आ.व २०७८/७९ मा ९.५०% अंक कम ल्याएको छ । स्व-मूल्याङ्कनको नतिजामा कमजोर अंक प्राप्त गरेकोमा आगामी बर्षमा आफ्नो कार्य दक्षता एवंक्षमतामा व्यापक सुधार गर्नुपर्ने देखिन्छ । शासकीय प्रवन्ध, बित्तिय तथा आर्थिक व्यवस्थापन, सेवा प्रवाह जस्ता क्षेत्रहरु तुलनात्मक रुपमा सन्तोषजनक रहेता पनि बाँकी क्षेत्र जस्तै संगठन तथा प्रशासन, बार्षिक बजेट तथा योजना व्यवस्थापन, न्यायीक कार्य सम्पादन, सामाजिक समाबेशिकरण, भौतिक पूर्वाधार, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र समन्वय र सहकार्य जस्ता क्षेत्रमा व्यापक सुधार गर्नुपर्ने देखिन्छ । लेखाजोखा तथा विश्लेषणवाट आएको नतिजा तलको

| क्र.स | बिषयगत क्षेत्रहरु | सूचकको अङ्कभार | प्राप्त अङ्क | | कैफियत |
|---|---|---|---|---|---|
| | | | ०७७/०७८ | ०७८/०७९ | |
| १ | शासकीय प्रवन्ध | ९.०० | ८.०० | ८.०० | |
| २ | संगठन तथा प्रशासन | ८.०० | ५.०० | ४.०० | |
| ३ | बार्षिक बजेट तथा योजना व्यवस्थापन | ११.०० | ६.५० | ३.५० | |
| ४ | बित्तीय तथा आर्थिक व्यवस्थापन | ११.०० | ७.५० | ६.५० | |
| ५ | सेवा प्रवाह | १६.०० | १२.२५ | ११.७५ | |
| ६ | न्यायिक कार्य सम्पादन | ७.०० | २.०० | ३.०० | |

| क्र.स | बिषयगत क्षेत्रहरु | सूचकको अङ्कभार | प्राप्त अङ्क | | कैफियत |
|---|---|---|---|---|---|
| | | | ०७७/०७८ | ०७८/०७९ | |
| ७ | भौतिक पूर्वाधार | १३.०० | ३.०० | ०.५० | |
| ८ | सामाजिक समावेशीकरण | १०.०० | ३.०० | १.५० | |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९.०० | १.५० | १.५० | |
| १० | सहकार्य र समन्वय | ६.०० | २.०० | १.०० | |
| **जम्मा** | | **१००.००** | **५०.७५** | **४१.२५** | |

तालिका तथा माकुरे जालोमा प्रस्तुत गरिएको छ।

**: संस्थागत क्षमता स्व-मूल्यांकन (०७७/०७८ तथा ०७८/०७९) सम्वन्धी विवरण**

**Source: lisa.mofaga.gov.np/report**

**संस्थागत क्षमता स्व-मूल्याङ्कनको लेखाजोखावाट प्राप्त नतिजा माकुरेजालोमा**




## २.२ गाउँपालिकाको मानवीय संसाधन तथा भौतिक श्रोत साधनको अवस्थाः

गाउँपालिका सञ्चालनका लागि अध्यक्ष, उपाध्यक्ष तथा अन्य १२ सदस्यहरु सहित जम्मा १४ जना सदस्य रहेको कार्यपालिका रहेको छ । यस गाउँपालिकाले गत आर्थिक बर्षमा संगठन विकास सर्वेक्षण सम्वन्धी अध्ययन गरिसकेको अवस्था छ। तथापी बर्तमानमा समेत बिगतमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट स्विकृत दरवन्दी अनुसारनै कर्मचारीको स्थाई पदपूर्ति भएको अवस्था छ। गाउँपालिकाको सभाले स्विकृत गरेको दरवन्दी अनुसार गाउँ र्कापालिकाको कार्यालय तथा वडा कार्यालयहरुको स्थायी दरवन्दी ४१ रहेकोमा हाल गाउँपालिकामा केवल १३ जना स्थायी कर्मचारी कार्यरत रहेको देखिन्छ।

हाल कार्यालयको भवन निर्माणधिन अवस्थामा रहेकोले सो भवनको निर्माण कार्य सम्पन्न नभए सम्मको लागि बिगतमा निर्माण गरिएको रिङ्नेरह गाविसको कार्यालयबाट दैनिक प्रशासन संचालन गर्दै आईरहेको छ। वडा कार्यालयहरुको हकमा ६ मध्ये ५ वटा वडाहरुले आफ्नै कार्यालय बाट सेवा प्रवाह गरिरहेको अवस्था छ भने वडा नं ३ को कार्यालय हाल गाउँपालिका रहेको स्थानबाट पालिकाको कार्यालय नयाँ भवनमा स्थानान्तरण भएपछि स्वही ठाउमा जाने योजना मुताबिक कार्य अगाडी बढेको छ।

## पूर्वखोला गाउँ कार्यपालिका

## सांगठनिक संरचना अनुसारको कर्मचारी विवरण तथा स्थायी पदपूर्तिको अवस्था

| क.सं | गाउँपालिका तथा वडा तहको स्थायी दरवन्दी तर्फको | | | | कैफियत |
|---|---|---|---|---|---|
| | प्रस्तावित तहगत दरवन्दीहरु | दरवन्दी संख्या | पदपुर्ति संख्या | स्थायी/करार | |
| | **प्रमुख प्रशासकीय अधिकृत** | **१** | **१** | **स्थायी** | |
| १ | अधिकृत सातौं (प्र) | १ | १ | स्थायी | |
| २ | अधिकृत (प्र) छैठौ | १ | ० | खाली | १ दरवन्दी खाली |
| ३ | अधिकृत (लेखा) छैठौ) | १ | १ | स्थायी | |
| ४ | ईन्जिनियर (छैठौं/सातौं) ( इन्जि./सिभिल/जनरल) | १ | ० | खाली | १ दरवन्दी खाली |
| ५ | ईन्जिनियर (छैठौं) ( इन्जि./सिभिल/जनरल) | १ | १ | करार | |
| ५ | अधिकृत (छैठौं) शिक्षा | १ | ० | खाली | हाल शिक्षकलाई संयोजक तोकेको |
| ६ | अधिकृत (छैठौं) (सि.अ.हे.व/हे.अ- हे.ई) | १ | १ | स्थायी | |
| ७ | कृषि बिकास अधिकृत (छैठौं) | १ | ० | खाली | १ दरवन्दी खाली |
| ८ | सहायक (लेखा) पाचौं) | १ | १ | स्थायी | |
| ९ | सहायक पाचौं (प्र) | ९ | ३ | स्थायी, वडा सचिब | ६ दरवन्दी खाली |
| १० | सहायक पाचौं (कानुन) | १ | ० | खाली | १ दरवन्दी खाली |
| १२ | क.अपरेटर पाँचौ (विविध) | १ | १ | स्थायी | |
| १३ | सब-ईन्जिनियर(पाँचौं) (इन्जि./सिभिल) | ३ | २ | करार | १ दरवन्दी खाली |
| १४ | प्राविधिक सहायक पाँचौ (शिक्षा) | १ | ० | खाली | १ दरवन्दी खाली |
| १५ | स्टाफ नर्स (पाँचौं)- प.हे.न | १ | १ | करार | |
| १६ | हे.अ/सि.अहेब पाचौ | १ | ० | खाली | १ दरवन्दी खाली |
| १७ | सहायक पाचौं (कृषि) | १ | ० | खाली | हाल सहायक चौथो |
| १८ | सहायक पाचौं (पशु) | १ | ० | खाली | हाल सहायक चौथो |
| १९ | आलेप पाँचौं | १ | ० | खाली | १ दरवन्दी खाली |
| २० | सहायक चौथो (प्र) | ५ | २ | स्थायी, वडा सचिव | ३ दरवन्दी खाली |
| २१ | खा.पा.स.टे चौथो - ( इ.सिभिल.स्यानिटरी) | १ | ० | खाली | १ दरवन्दी खाली |
| २२ | अमिन चौथो (प्रा) | १ | १ | करार | |
| २३ | अ सब-ईन्जिनियर(चाथौं) इन्जि./ सिभिल | ४ | ४ | २ स्थायी, २ करार | |
| | **कुल जम्मा स्थायी दरवन्दी संख्या** | **४१** | **२०** | **२० मध्ये १३ स्थायी ७ करार** | |
| | **स्वास्थ्य चौकीहरु तर्फ** | | | | |
| १ | सि.अ.हे.व/हे.अ (छैठौं) | **६** | २ | स्थायी | ४ दरवन्दी खाली |
| २ | सि.अ.हे.व/हे.अ (पाचौं) | **६** | २ | १ स्थायी, १ करार | २ दरवन्दी खाली |
| ३ | अ.हे.व (चौथो) | **६** | ३ | २ स्थायी, १ करार | ३ दरवन्दी खाली |
| ४ | अ.न.मी (पाचौं) | **६** | ४ | २ स्थायी, २ करार | २ दरवन्दी खाली |
| ५ | अ.न.मी (चौथो) | **७** | ४ | २ स्थायी २ करार | ३ दरवन्दी खाली |
| ६ | का.स | **२** | २ | स्थायी | |
| | **स्वास्थ्य चौकी जम्मा** | **३३** | **१७** | **९ जना स्थायी, ८ जना करार** | |
| | **आयुर्वेद औषधालय तर्फ** | | | | |
| १ | कविराज )छैठौं) | **१** | १ | स्थायी | |
| २ | बैद्य (चौथो) | **१** | ० | खाली | १ दरवन्दी खाली |
| | **आयुर्वेद औषधालय तर्फ जम्मा** | **२** | **१** | **१ रिक्त** | |
| | **कुल दरवन्दीको अवस्था** | **७६** | **३८** | **२३ जना स्थायी, १५ जना करार** | |

### २.३ राजश्व परिचालनको बर्तमान अवस्था

पूर्वखोला गाउँपालिकाको राजश्व प्रशासन सम्वन्धी विषयमा राजश्व परामर्श समति, प्रशासन शाखा, लेखा शाखा, राजश्व इकाई लगायत राजश्व संग सम्वन्धित सरोकारबाला संगको छलफलको आधारमा बर्तमान अवस्थाका सवल तथा सुधार गर्नु पर्ने पक्षहरुलाई देहाय अनुसार विश्लेषण गरिएको छ ।

**सवल पक्षहरु**

- गाउँपालिकामा हाल सम्म कर्मचारी सहितको छुट्टै राजश्व शाखा संचालन हुन नसकेता पनि लेखा शाखाका लेखा सहायकलाई राजश्व इकाईको समेत जिम्मेवारी दिइएको ।
- गाउँपालिकाको मुख्य कार्यालय लगायत सबै वडाहरुवाट राजश्वको विलिङ हुने गरेको अवस्था ।
- राजश्व संकलनको लागि गाउँ कार्यपालिकाको कार्यालयमा मात्र यसै बर्ष देखि सफ्टवेरको प्रयोग गरिएको छ । वडा तहमा हाल सम्म पनि नगदी रसिद प्रयोग गर्ने गरिएको ।
- हाल सम्म वडा तहमा सफ्टवेयरको प्रयोग नगरिएकोले नेपाल सरकारले व्यवस्था गरेको राजश्व कोड तथा शिर्षक अनुसार राजश्व संकलन हुन नसकेको तथा राजस्व संकलनमा कोड अनुसारका शिर्षकहरू नमिलेकोले बिबरणमा समेत अलमल रहेको अवस्था । लेखा/राजश्व शाखामा कार्यरत कर्मचारीले वडाका समस्या समाधानमा सहयोग गर्ने गरेको ।
- गाउँ सभाले प्रत्येक बर्ष करका दरहरु निर्धारण गर्ने र सोही बमोजिम संकलन गर्ने गरिएको ।
- संकलित रकम राजश्व ईकाइले सोहि दिन र वडा कार्यालयहरुले १ महिनामा बैंक दाखिला गर्ने गरेको देखिन्छ । वडा कार्यालयहरूले दाखिला भौचर गा.पा.को लेखा शाखामा बुझाउने गरेको ।
- व्यवसाय र वहालकर सम्वन्धी राजश्व संकलन पालिका तहमा हुने तथा अन्य सबै वडालाई जिम्मेवारी प्रदान गरिएको छ ।
- करदातालाई कर र शुल्क सम्वन्धी जानकारी दिने गरिएको भएता पनि पर्याप्त नभएको ।
- आयका श्रोतहरुको अभिलेखिकरण गरी आय विवरणहरु सार्वजनिक गर्ने गरिएको ।

**सुधार गर्नुपर्ने पक्षहरु**

- राजश्व संकलनको लागि वडा तहमा सफ्टवेयरको प्रयोग नभएकोमा तत्काल वडाहरु संग नेटवर्किङ गरी राजश्व संकलन गर्ने कर्मचारीलाई प्रशिक्षित गर्नुपर्ने ।
- बर्तमान अवस्थामा राजश्वको समेत जिम्मेबारी लेखा शाखालाई दिइएकोमा संगठन तथा व्यवस्थापन सर्वेक्षको सुझाव अनुसार जनशक्ति सहितको राजश्व इकाई स्थापना गरी आवश्यक भौतिक सामागीहरु जस्तै कम्प्युटर, प्रिन्टर, सफ्टवेयर तथा फर्निचरको व्यवस्थापन गर्नुपर्ने ।
- राजश्व शाखामा काम गर्ने कर्मचारीलाई निजले गर्नुपर्ने कामहरुको कार्यविवरण उपलब्ध गराउनु पर्ने ।
- विगत आ.व.मा संकलन भएका राजश्व सम्बन्धी तथ्यांक, विभिन्न आर्थिक वर्षहरुको राजश्व बजेट जस्ता आवश्यक तथ्यांक तथा दस्तावेजहरुको अभिलेखिकरण हुनुपर्ने ।
- राजश्व संकलनको जिम्मेवारी पाएका सबै तहका कर्मचारीहरुको लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिनुपर्ने ।
- राजश्व संकलन तथा त्यसको प्रभावकारिताका लागि बिभिन्न तहको अनुगमन कार्यहरुलाई प्रभावकारी बनाउनुपर्ने ।

# परिच्छेद-३

## स्थानीय तहको राजश्व अधिकार तथा आय संभाव्यता

यस परिच्छेदमा बिद्यमान कानुनी प्राबधान अनुसार स्थानीय सरकारहरुको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शिर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ । यसबाट पूर्वखोला गाउँपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विश्लेषण गरी पहिचान गरिएका बास्तबिकतालाई राजस्व सुधार कार्ययोजना मार्फत सम्वोधन गर्ने प्रयास गरिएको छ ।

यस परिच्छेदलाई मुख्यतया तीन भागमा बिभाजन गरिएको छ । पहिलो भागमा स्थानीय तहहरुको राजश्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्थाको बारे चर्चा गरिएको छ । दोश्रो भागमा पूर्वखोला गाउँपालिकाको आन्तरिक आय परिचालनको बर्तमान अबस्थालाई उजागर गर्न खोजिएको छ भने तेश्रो भागमा गाउँपालिकाको आन्तरिक श्रोततर्फ राजश्वका प्रमुख क्षेत्रहरु तथा संभावनाको बारे बिश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

स्थानीय सरकार संचालन ऐन, २०७४ले स्थानीय तहलाई निम्नानुसारका आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

**(क) गाँउपालिका वा नगरपालिकाको एकल अधिकारः**

**अ) कर**

- **सम्पत्ति करः** आफनो क्षेत्रभित्रको घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गा समेत पर्ने ।
- **भूमि कर (मालपोत)**ः आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति कर लगाएको घरजग्गामा भूमिकर (मालपोत) नलाग्ने ।
- **घर जग्गा बहाल करः** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- **व्यवसाय करः** पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- **सवारी करः** टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्साहरुको दर्ता तथा नविकरण वापत लगाइने कर ।
- **जडिबुटी, कवाडी र जीवजन्तु करः**ः आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत लगाइने कर ।

**आ) शुल्क**

- **बहाल बिटौरी शुल्कः** आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- **पार्किङ्ग शुल्कः** आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनारञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा ।
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल,

हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) ( अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क

- सिफारिश सम्बन्धी अन्य सेवा शुल्क ।

## ई) दस्तुर

- **दर्ता, अनुमति तथा नवीकरण दस्तुरः**
    - एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, टयुसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग ।
    - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सभेक्षण, उत्खननु तथा उपयोग
- नक्सा पास दस्तुर ।
- पञ्जीकरण व्यवस्थापन दस्तुर ।
- वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर ।
- गाउँपालिका तथा नगरपालिकाले आफनो क्षेत्रभित्र वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने । यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने
- सामुदायिक वनबाट आय प्राप्त गर्न सक्ने ।

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी ।
- खनिज पदार्थको उत्खनन् रोयल्टी ।
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी ।
- खानेपानी महसुल ।
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क ।
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार ब्यवस्थापन ।
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति ।
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण ।
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण ।
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता ।

संघीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**<u>एकल कर प्रशासन सम्वन्धी ब्यवस्था (आर्थिक ऐन २०७५ वाट संसोधित ब्यवस्था)</u>**

**(क)** सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

(ख) .घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।

(ग) .मनोरंजन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।

(घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने ।

ख), (ग) र (घ) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

**(ङ) प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गनुपर्ने ।**

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने
- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने ।
- प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ग) राजश्व बाँडफाँड**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।
- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने ।
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने ।
- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने ।

**(घ) अनुदान**

- **वित्तीय समानीकरण अनुदानः** खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त
- **सशर्त अनुदानः** कुनै योजना/ कार्यक्रम तथा गतिविधिहरु कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- **समपूरक अनुदानः** पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- **विशेष अनुदानः** कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेश सरकारवाट प्रदान गरिने अनुदान ।

**(ङ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने ।
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने ।

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफनो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वदेशिक ऋण वा सहायताबाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र

## ३.२. आन्तरिक आय परिचालनको वर्तमान अवस्था

माथि ३.१ उल्लेखित स्थानीय तहका राजस्व अधिकार सम्बन्धी कानूनी आधारमा प''वंखोला गाउँपालिकाको सम्भाव्य आय शिर्षकहरू अर्न्तगतको बर्तमान राजश्व परिचालनको अवस्था विश्लेषण र गाउँपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १

**आन्तरीक आय परिचालनको वर्तमान अवस्था**

| क.सं. | आयका प्रकार | सम्भावना भएको/नभएको | संकलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| **क** | **कर राजश्व** | | | |
| १ | सम्पीत्त कर | भएको | नभएको | नभएको |
| २ | भूमि कर (मालपोत) | भएको | भएको | भएको |
| ३ | सवारी कर-टाँगा, रिक्सा, अटोरिक्सा, आदि | भएको | नभएको | नभएको |
| ४ | घर जग्गा बहाल कर | भएको | भएको | भएको |
| ५ | व्यवसाय कर (दर्ता तथा नबिकरण) | भएको | भएको | भएको |
| ६ | जडिबुटी, कवाडी र जिवजन्तु कर | भएको | नभएको | नभएको |
| ७ | मनोरन्जन कर | भएको | नभएको | नभएको |
| ८ | बिज्ञापन कर | भएको | नभएको | भएको |
| **ख.** | **गैर कर राजश्व** | | | |
| ९ | क) ढुङ्गा, गिटट्ी, वालुवा, माटो,स्लेट, खरीढुङ्गा, काठ, दाउरा, जराजुरी आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | भएको | भएको | भएको |
| १० | नक्सापास दस्तुर | भएको | भएको | भएको |
| ११ | ब्यक्तिगत घटना दर्ता शुल्क | भएको | भएको | भएको |
| १२ | वहाल विटौरी शुल्क | भएको | भएको | नभएको |
| १३ | पार्किङ्ग शुल्क | नभएको | नभएको | भएको |
| १४ | अस्पताल संचालन | नभएको | नभएको | नभएको |
| १५ | फोहरमैला ब्यवस्थापन शुल्क | भएको | नभएको | नभएको |
| १६ | स्थानीय खानेपानी महसुल | भएको | नभएको | नभएको |
| १७ | स्थानीय विद्युत महसुल | नभएको | नभएको | नभएको |
| १८ | मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा ब्यवसायमा सेवा शुल्क | नभएको | नभएको | नभएको |
| १९ | निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क | नभएको | नभएको | नभएको |
| २० | मूल्यांकन सेवा शुल्क | भएको | भएको | भएको |
| २१ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर ( एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | भएको | भएको | भएको |
| २२ | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| २३ | दण्ड जरिवाना | भएको | भएको | भएको |

श्रोत: समुह छलफल तथा गाउँपालिकाको अभिलेख, २०७९

विद्यमान कानुनी प्रावधान अनुसार स्थानीय सरकारले लिन पाउने कर तथा गैरकरहरुको आधारभूत अवस्था शीर्षकगत रुपमा माथिको तालिकामा प्रस्तुत गरिएको छ । जसमध्ये करतर्फ ८ शीर्षक र गैरकरतर्फ १५ शीर्षकमा आन्तरिक आयको विद्यमान अवस्था विश्लेषण गरिएको छ । तालिका अनुसार गाउँपालिकाले लिन सक्ने ८ किसिमका कर राजस्व मध्ये पूर्वखोला गाउँपालिकाका जनप्रतिनिधि, राजस्व परामर्श समितिका सदस्य तथा कार्यालयका कर्मचारीसँगको छलफल तथा गाउँपालिकाका दस्तावेजको अध्ययनका आधारमा सबै शिर्षक अर्न्तगत करहरु संकलनको संभावना रहेको तर आर्थिक ऐनमा चार शिर्षकमा करका दरहरु तोकिएको तर तिन क्षेत्रबाट मात्र रकम संकलन भैरहेको पाइयो । गैरकरतर्फका १५ शीर्षकमध्ये १० शीर्षकमा संकलनको सम्भावना भएको पाइए पनि जम्मा ८ शीर्षकको दर निर्धारण भै संकलन भएको पाइन्छ ।

### ३.३ आन्तरिक आय तथा राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

यस शिर्षक अन्तरगत गाउँपालिकाले प्रचलित कानून बमोजिम संकलन गर्न पाउने आन्तरिक स्रोत मध्ये हाल संकलन भईरहेको तथा त्यसमा कुल संभावित आय र नयाँ संभावित क्षेत्रहरु तथा त्यसमा संकलन हुन सक्ने कुल सम्भावित आयलाई अध्ययन तथा विश्लेषण गरिएको छ ।

#### ३.३.१ कर राजश्व

कर राजश्व तर्फका तपसिलमा उल्लेखित करहरुको बर्तमान अबस्था तथा संभाब्यताको बिश्लेषण गरिएको छ ।

#### क. सम्पत्ति कर

**बर्तमान अवस्थाः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ अनुसार स्थानीय सरकारहरुले सम्पत्ति कर लगाउन पाउने प्राबधान गरिएको छ । सम्पत्ती करको आधार व्यक्तिको सम्पत्ति मुल्यांकनको आधारमा हुने प्रवधान छ । पूर्वखोला गाउँपालिकाले हाल सम्म सम्पत्ति कर लगाउन सुरु गरेको छैन तर सम्पत्ती करको स्थानमा तत्काल घर कर लगाउने गरी आर्थिक ऐनमा ब्यवस्था गरेको छ । आर्थिक बर्ष २०७८/७९ देखि गाउँपालिकाले आर्थिक ऐन मार्फत घर कर लगाउन सुरु गरेको र आर्थिक बर्ष २०७८/७९ मा सो दर कम्तिमा रु ५० देखी रु ४००।- सम्म तोकेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकामा कुल घरपरिवार संख्या ४१२१ रहेको भएता पनि आफ्नै घरमा बस्ने परिवार संख्या ३९४२ रहेको छ । त्यसैगरी गाउँपालिकामा रहेका करिव ८५% घरहरु माटो ढुङ्गाको जग तथा माटो ढुङ्गा कै गारो बाट बनेको तथ्यांकले देखाउछ । तत्कालिन अवस्थामा गाउँपालिका सम्पत्ती करमा जान आवश्यक तयारी नपुगेकोले आर्थिक बर्ष २०८१/८२ देखि सम्पत्ती करमा जाने गरी निंनानुसार सम्पत्ती करको रकमको आकलन गरिएको छ । बिभिन्न छलफलका आधारमा सबै करदाताहरुलाई तिन बर्गमा बिभाजन गरी सम्भावित सम्पत्ति करको आकलन गरिएको छ ।

**संभावित सम्पत्ती कर रु**

| बर्ग | सम्भावित करदाता संख्यामा | औषत बार्षिक रु | बार्षिक कुल आय सम्भाव्यता | कैफियत |
|---|---|---|---|---|
| क | ३४०६ | २०० | ६८१२००.०० | |
| ख | ३११ | ४०० | १२४४००.०० | |
| ग | २२५ | ६०० | १३५०००.०० | |
| | | जम्मा | ९४०६००.०० | |
| प्रस्तावित रकमको आ.व २०८१/८२ मा ७५ % र त्यसपछिका वर्षहरुमा २० प्रतिशतले बृद्धि हुने गरी प्रस्ताव गरिएको छ । | | | | |

*श्रोतः समुहगत छलफल*

**सुझावहरु**

- मालपोत कार्यालयबाट तथ्यांक संकलन गरी भूमिसम्बन्धी एकीन र विस्तृत तथ्यांक कायम गर्ने ।
- गाउँपालिकामा प्रत्येक घरधुरीलाई अनिवार्य रुपमा आफ्नो घर नक्शा अभिलेखिकरण गर्न लगाउने ।
- सम्पत्तीकर लाग्ने घर तथा जग्गाको मूल्यांकनमा बैज्ञानीक रुपमा परिमार्जन गर्ने ।

**ख) भुमी कर/मालपोत**

**बर्तमान अबस्थाः** मालपोत/भुमीकर यस गाउँपालिकाको आन्तरिक स्रोत तर्फको राम्रो आयस्रोत मानिन्छ । विद्यमान कानुन अनुसार सम्पत्ति कर लगाउने भनी तोकिएको घर जग्गा बाहेकका अन्य सबैखाले जग्गाहरुमा भूमिकर लगाउने व्यवस्था छ । जग्गाको मूल्यांकन गर्दा जग्गाको क्षेत्रफल, जग्गाको भौगोलिक अवस्थिति, जग्गाको उपयोगको अवस्था, जग्गा रहेको स्थानमा पूर्वाधार विकासको अवस्थालाई आधार लिइन्छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार मालपोत/भुमिकर तर्फ आ.व २०७७/७८ मा रु ३६००००।-, आ.व २०७८/७९ मा रु ४०००००।- र आ.व २०७९/८० मा रु ४०००००।- संकलन गर्ने लक्ष राखिएको थियो । गाउँपालिकामा भएको छलफल अनुसार वडा कार्यालयहरुबाट बिगतका बर्षहरुमा प्राप्त हुने प्रतिबेदनहरुमा संकलित सबै रकमहरु एउटै शिर्षक (आन्तरीक राजश्व) अर्न्तगत राखिएकोले एकिन तथ्यांक आउन सकेन । आर्थिक बर्ष आ.व २०७९/८० मा रु ४०००००।- प्रस्ताव गरिएकोमा फाल्गुण मसान्त समम रु १७९३३५।- मात्र संकलन भएकोले लक्ष प्राप्तीगर्न मीस्कल देखिन्छ । बिगत दुई आर्थिक बर्षहरुमा भुमि करमा खासै बृद्धि भएको पाइएन । गाउँपालिकामा भएको छलफलमा बर्तमानमा समेत गाउँपालिकामा घरनक्शा अभिलेखिकरण नगरिएकोले एकिन तथ्यांक नभएको तथा केवल सेवाग्राहीहरुको स्व-इच्छाले अत्यावश्यक अवस्थामा मात्र भूमिकर संकलन बुझाउने प्रचलनले अहिले पनि सबैले भुमीकर तिरिरहेकाछन् भन्न नसकिने अवस्था रहेन । अतः छलफल बाट प्राप्त सुझाब तथा निश्कर्षका आधारमा आगामी दिनहरुको भुमिकरको प्रक्षेपण गरिएको छ ।

गाउँपालिकामा भूमीकर लगाउन योग्य जग्गा र सो को करदाता सम्बन्धी यकीन तथ्यांक उपलब्ध नभएको हुँदा हाल गाउँपालिकामा रहेका कुल घरधुरी संख्या तथा भूमीकरको दरलाई भूमीकर रकमको कुल सम्भाव्यता आँकलनको मूल आधारको रुपमा लिई निम्न तालिका अनुसार गणना गरिएको छ । एक घरधुरीमा एकभन्दा बढी व्यक्तिसँग भूमिकर योग्य जग्गा हुनसक्ने र केही जग्गाधनीहरुको घर नभै घडेरी मात्र भएकोले सो समेतलाई ध्यानमा राखी आफ्नो नाममा जग्गा भएका घरधुरी संख्या ३९४२ मा २५ प्रतिशत थप गरी कुल भूमिकरको करदाता संख्या निर्धारण गरिएको छ ।

| | |
|---|---|
| कुल भूमिकर करदाता संख्या | ४९२७ |
| प्रति करदाता औसत भूमिकर | १००.०० |
| कुल सम्भाव्य भूमिकर | ४९२७००.०० |
| प्रस्तावित रकमको पहिलो बर्षमा शत प्रतिशत र त्यसपछिका वर्षहरुमा १० प्रतिशतले बृद्धि हुने । | |

*श्रोतः गा.पा मा भएको समुहगत छलफल*

**सुझावहरु**

- मालपोत कार्यालयबाट तथ्यांक संकलन गरी भूमिसम्बन्धी एकीन र विस्तृत तथ्यांक कायम गर्ने ।
- गाउँपालिकामा प्रत्येक घरधुरीलाई अनिवार्य रुपमा आफ्नो घर नक्शा अभिलेखिकरण गर्न लगाउने ।
- सडकहरुको लगत कट्टाको व्यवस्था गर्दै जाने ।
- भूमिकर लाग्ने जग्गाको मूल्यांकनमा आवश्यकता अनुसार परिमार्जन गर्ने ।

**ग) घर जग्गा वहाल कर**

गाउँपालिका क्षेत्रभित्र व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर वाा पोखरी पुरै, आंशिक तवरले वहालमा दिएकोमा वहालमा दिएको कुल अंकमा कर लगाईने व्यवस्था अनुसार वहाल कर असुली गर्नुपर्ने हुन्छ ।

गाउँपालिका क्षेत्रमा पसल व्यवसाय,बैंक तथा वित्तीय संस्था, सहकारी संस्था र सरकारी तथा गैरसरकारी संस्थाहरुलाई सटर तथा कोठा भाडामा लगाईएको छ । गाउँपालिकामा हाल घर बहालमा लगाउने घरधनिहरुको

यथार्थ विवरण नभएता पनि हाल गाउँपालिकामा घर बहाल कर बुझाउनेको संख्या सारै न्युन रहेको छलफल बाट पाइयो । गाउँपालिकामा भएको छलफल अनुसार पालिकामा नआइ नहुने अवस्थाका घरधनीहरु तथा बैंक तथा वित्तीय संस्था, सहकारी संस्था एवं गैरसरकारी संस्थाहरु मात्र आउने गरेको देखिन्छ । वर्तमान अवस्थामा बजार बिस्तार तथा अस्थायी बसोबासको क्रम बढ्दै गएकोले बजार क्षेत्रका घर तथा सटरहरु बहालमा जाने क्रम बृद्दि भएको पाइन्छ । गाउँपालिकाले आर्थिक ऐनमै व्यवस्था गरी भाडामा दिने/लिने कोठा तथा सटरहरुको न्युनतम भाडा दर तोकेको भएता पनि घरबहालमा लिने दिने बिचको संझौता समेत यथार्थपरक नहुने गरेकोले पनि सो सम्वन्धमा एकिन आकलन गर्न गाह्रो छ । अतः आगामी दिनमा गाउँपालिकाले यस सम्वन्धी विस्तृत तथ्यांक संकलन गरी घर बहालमा लगाउने घरधनिहरुलाई करको दायरामा ल्याउन आवश्यक छ । हाल गाउँपालिका क्षेत्रमा करिव ३०० सटरहरु ब्यपार व्यवसाय प्रयोजनकालागि वहालमा लगाएको अनुमान गर्न सकिन्छ । हाल बजार क्षेत्रको प्रति सटर वहाल वापत औषत रु.३०००।- का दरले हिसाव गर्दा पनि बार्षिक रु १०८००००।- को कारोवार हुने र गाउँपालिकाको आ.व २०७९/८० को आर्थिक ऐनमा व्यवस्था भए बमोजिम ५ प्रतिशतका दरले हुने रकम रु ५४००००.।- घर बहालकर उठ्न सक्ने देखिन्छ । त्यस बाहेक सहकारीहरु, बित्तिय संघ संस्थाहरु, गैससहरु तथा कानुनीरुपमा दर्ता भएका व्यपारी तथा व्यवसायीहरु बाट समेत संकलन हुन सक्ने अनुमान गर्न सकिन्छ। त्यस्तै घरयासी प्रयोजन (कोठा भाडामा) लगाउने समेत सबैलाई करको दायरामा ल्याउन सकिएमा हाल संकलन हुदै आएको रकममा ब्यापक बृद्धि हुने देखिन्छ । आर्थिक बर्ष २०७९/८० को लागि प्रस्तावित रु १०००००।- प्रस्ताव गरिएकोमा फाल्गुण मसान्त सम्म रु १८४००४।- संकलन भै सकेको देखिन्छ । आगामी दिनको लागि घर बहाल करको संभावनालाई माथि बिश्लेषण गरिए अनुसार प्रक्षेपण गरिएको छ ।

**प्रस्तावित घर जग्गा बहालकर**

| क्र. स | प्रयोजनका आधारमा बहालमा बस्ने | बहालमा बस्ने अनुमानित संख्या | मासिक औसत भाडा रकम | वार्षिक भाडा रकम | प्रस्तावित करको दर | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| १ | ठुला संस्थागत प्रयोजनको लागि | १० | १००००.०० | १२०००००.०० | ५ | ६००००.०० |
| २ | व्यवसायीक प्रयोजन (सटर भाडामा) | ३०० | ३०००.०० | १०८०००००.०० | ५ | ५४००००.०० |
| | | | | | जम्मा | ६०००००.० |
| पहिलो बर्ष अनुमानको ५० प्रतिशत त्यस पछिका बर्षहरुमा ३० प्रतिशतले बृद्धि हुने अनुमान गरिएको । | | | | | | |

आगामी दिनहरुमा गाउँपालिकाले तपशिल अनुसारको कार्यहरु गर्दा घर बहाल करलाई अझ बढी प्रभाबकारी रुपमा परिचालन गर्न सकिन्छ ।

- घरबहालमा दिनेहरुको लगत संकलन गर्ने र नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने ।
- घरबहाल कर संकलन गर्दा गाउँपालिकाले निर्धारण गरेको हालका दरहरुलाई परिमार्जन गर्ने ।
- सुरु सुरुमा करदातालाई आफै बहाल कर घोषणा गर्न लगाउने र स्वही अनुरुप संकलन गर्ने ।
- घरधनी तथा बहालमा बस्ने दुवैलाई बहाल करको विषयमा जानकारी गराउने ।
- सम्पत्ति कर, व्यबसाय कर र घरजग्गा बहालकर संकलनलाई एकीकृत रुपमा एकै पटक उठाउन सकिने गरी व्यवस्था मिलाउने ।

**घ).व्यवसाय कर**

गाउँपालिकाले आर्थिक ऐनमा ब्यवसायको प्रकृति अनुसार करको दर निर्धारण गरेको छ । गाउँपालिकाले व्यवसाय दर्ता तथा नविकरण छुट्याई क्रमस रु ५००।- र रु १००।- तोकेको छ । गाउँपालिकाले व्यवसाय नबिकरणको अलावा बार्षिक रुपमा व्यवसाय करको दर रु ५०० देखि रु २५०००।- सम्म तोकेको छ । बिगत बर्षहरुमा गाउँपालिकाले व्यबसाय रजिष्ट्रेशन दस्तुर तथा नविकरण एवं व्यवसाय कर वापत के कति रकम संकलन भयो सो को यथार्थ बिवरण नभएता चालू आ.व. २०७९/८० को फाल्गुण मसान्त सम्म रु २१८१००।- संकलन भएको देखिन्छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकाका ४१२१ घर परिवार मद्ये ३८०५ परिवारहरु कुनैपनि लघु उद्यम/व्यवसायमा संलग्न हुन सकेका छैनन् । सो तथ्यांक अनुसार गाउँपालिकामा लघु उद्यम/व्यवसाय सञ्चालन गर्ने परिवारको संख्या ३१६ रहेको छ । कृषि शाखा बाट प्राप्त बिबरण अनुसार हाल पूर्वखोला

गाउँपालिकामा ९७ वटा कृषि तथा पशुपालन फर्महरु दर्ता भै कृयाशिल रहेका छन् । बर्तमान व्यवस्था अनुसार रु ५०००००।- सम्मको पूँजि भएका उद्योगहरु पालिकामै दर्ता गरिने तथा सो भन्दा बढी पूँजिको व्यवसाय घरेलु कार्यालयमा दर्ता गरिने प्रावधान अनुसार हाल गाउँपालिकामा के कति व्यवसायहरु संचालनमा रहेका छन् एकिन बिबरण छैन ।

गाउँपालिकामा कुन कुन क्षेत्रमा के कति व्यवसायहरु छन्, प्रत्येक बर्ष के कति थपिए तथा कतिले व्यवसाय बन्द गरे सो सम्वन्धी बिस्तृत बिवरण नभएकोले आगामी दिनहरुमा यसलाई व्यवस्थीत गरेमा मात्र सही विवरण लिन/दिन सकिने देखिन्छ । अतः गाउँपालिकाले आफ्नो क्षेत्र भित्र संचालन भएका उद्योग तथा व्यबसायहरुको तथ्यांक संकलन गरी कर असुलीलाई प्रभावकारी बनाउनसके राजस्वमा बृद्धि हुनसक्ने देखिन्छ । गाउँपालिकामा भएको छलफलका आधारमा व्यवसाय करलाई निंनानुसार अनुमान गरिएको छ ।

व्यवसाय करको अनुमान

| करको शिर्षक | न्युनतम रु | अधिकतम रु | औषत रु | करदाता संख्या | वार्षिक कुल आय सम्भाव्यता रु | कैफियत |
|---|---|---|---|---|---|---|
| व्यवसाय कर | ५००.०० | २५०००.०० | ७००.०० | ५०० | ३५००००.०० | |
| व्यवसाय दर्ता | ५०० | ५०० | ५०० | २० | १००००.०० | |
| व्यवसाय नबिकरण | १०० | १०० | १०० | ५०० | ५००००.०० | |
| | | | | **जम्मा** | ४१००००.०० | |
| पहिलो बर्ष ५० प्रतिशत रु २०००००।- र त्यस पछिका बर्षहरुमा ४० प्रतिशतले बृद्धि गर्ने । | | | | | | |

गाउँ तथा बजार क्षेत्रमा रहेका सम्पूण व्यवसायहरुलाई अनिवार्य दर्ता गर्ने योजनाका साथ व्यवसायीहरुकै सहयोगमा व्यवसाय दर्ता तथा नविकरण अभियान संचालन गर्न आवश्यक देखिन्छ । गाउँपालिकामा संचालनमा रहेका व्यपार व्यवसायहरुलाई व्यवस्थित गर्न गाउँपालिकाले ब्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- गाउँपालिकामा सञ्चालित सबै किसिमका व्यवसायहरुको विवरण/लगत तयार गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोबारको आधारमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- व्यवसायीहरुको रायलाई समेत ध्यानमा राखी  व्यबसाय दर्ता, नवीकरण र खारेजी सम्बन्धी स्पष्ट कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने ।
- बजार अनुगमन गर्ने, यसका लागि अनुगमन समिति, राजस्व परामर्श समितिलाई बढी सक्रिय बनाउने ।
- कर अभियान सञ्चालन गरी कर सचेतना अभिवृद्धि गर्ने साथै नागरिकका गुनासो सुनुवाइ गरी जायज गुनासो सम्बोधन गरी व्यवस्थापन गर्ने ।
- अधिकतम कर तिर्ने करदातालाई पुरस्कृत गर्ने तथा करको दायरामा नआउनेलाई उच्च दरमा जरिवानाको व्यवस्था पर्ने ।

## ङ. जडीबुटी, कवाडी, जीवजन्तु कर

**बर्तमान अवस्थाः** पूर्वखोला गाउँपालिकामा जीवजन्तुहरुमा लाग्ने करको सम्भावना नदेखिएता पनि सामुदायिक बन क्षेत्रमा जडीबुटी उत्पादनको संभावना भने रहेको छ । हाल पालिकामा रहेका सामुदायिक बनहरुमा व्यवसायिक रुपमा जडीबुटी खेती गरी सो को संकलन, प्रशोधन तथा बजारीकरण गर्न सके सामुदायिक बनहरुलाई मनग्गे आम्दानी गर्न सक्ने संभावना रहेको छ । त्यस्तै बढ्दै गएको बजारीकरणका कारणले कवाडी करको सम्भावना समेत त्यत्तीकै देखिन्छ । गाउँपालकाले आर्थिक बर्ष २०७९/८० को लागि यस शिर्षक अर्न्तगत कवाडी जन्य बस्तुहरुको संकलन दर नतोकेता पनि रु १०००००।- संकलन गर्ने गरी प्रस्ताव गरेको छ । कवाडी जन्य बस्तु संकलन तथा ओसार पसारका लागि हाल सम्म ठेक्का पट्टा भै नसकेकोले संकलन हुनेमा आसंका रहेको छ ।

तानसेन नगरपालिकामा संकलन हुने कवाडीजन्य बस्तुहरुको केही अंश पूर्वखोला गाउँपालिकाको समेत रहेको छ । यसलाई मध्यनजर गरी आगामी आर्थिक बर्ष देखि गाउँपालिकाले कवाडी कर सङ्कलनको सम्वन्धमा आवश्यक निर्णय लिई कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । कवाडीकर संकलन सम्वन्धमा पालिकाबाट बिस्तृत अध्ययन

नभएको भएतापनि कार्यशालामा भएको छलफलको आधारमा गाउँपालिकाले आगामी बर्ष २०८०/८१ मा रु १५००००।- सम्म संकलन गर्न सक्ने संभावना देखिन्छ ।

**सुधारका पक्षहरू:** कवाडी, करलाई व्यवस्थितगर्न निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- संकलन हुन सक्ने कवाडी मालसामानको परिमाण एकीन गरी करको दरलाई आवश्यकता अनुसार निर्णय गर्न सकिने ।
- कवाडी कर संकलन सम्बन्धी मापदण्ड तथा कार्यविधि बनाई लागुगर्ने ।
- कवाडी कर असूलीका लागि ठेक्का बन्दोबस्त मिलाउने ।

### च). सवारी साधन कर:

**हालको अवस्था:** नेपालको संविधान २०७२ बमोजिम सवारी साधन सम्बन्धी अधिकार साझा अधिकार सूचीमा परेको छ । स्थानीय सरकार संचालन ऐनले उक्त शिर्षकमा कर उठाउने अधिकार प्रदेश सरकारलाई दिएको छ भने उठाईएको कर राजश्व बाँडफाँड वापत स्थानीय सरकारलाई समेत बाड्नु पर्नेछ । सवारी साधन मध्ये इ रीक्सा, अटोरिक्सा र ठेलागाडाको कर मात्र स्थानीय सरकारले लिन पाउने छ । पूर्वखोला गाउँपालिकाले हाल सम्म साना सबारी साधनहरु दर्ता तथा नविकरण गरेको छैन र सो शिर्षक अर्न्तगत कुनै रकम संकलन भएको छैन । गाउँपालिकामा भएको छलफल अनुसार हाल गाउँपालिका क्षेत्र भित्र यस प्रकारका सवारी साधनहरु केही संख्यामा चल्ने गरेता पनि यस सम्वन्धी कार्यबिधि तयार नभएको तथा आर्थिक ऐनमा समेत व्यस्थिा नभएकोले आगामी दिनमा सवारी साधनहरुको संख्यालाई मध्य नजर गरी कार्यबिधि तयार गरि कार्यान्वयनमा ल्याउदा राम्रो हुन्छ ।

### छ) बिज्ञापन कर

**हालको अवस्था:** पूर्वखोला गाउँपालिका क्षेत्रभित्र निजी तथा वहुराष्ट्रिय कम्पनीहरुले विज्ञापनका होडिङ बोर्डहरु राख्ने, घर टहरा तथा पर्खालहरुमा पेण्टिङ गरेको पाइन्छ । कानुनमा व्यवस्था भएतापनि बिज्ञापन कर वापत त्यस्ता निजी तथा वहुराष्ट्रिय कम्पनीहरुबाट गाउँपालिकाले कुनै कर उठाउने गरेको छैन । बिज्ञापन करको हकमा करको दर प्रदेशले तोक्ने र सम्वन्धित पालिकाले उठाउने व्यवस्था भएकोमा गाउँपालिकाले सो सम्वन्धमा बिगतमा कुनै रकम संकलन गरेको पाइएन । गाउँपालिका क्षेत्रमा विज्ञापन गर्ने निजी तथा बहुराष्ट्रिय कम्पनीहरुलाई करको दायरामा अनिवार्य रुपमा ल्याई निर्धारित दरमा कर असुल्न सके थोरै भए पनि आय संकलन हुने देखिन्छ ।

**संभावना:** गाउँपालिकामा वार्षिक रुपमा के कति विज्ञापन सामग्रीहरु प्रयोग गरिएको छ भन्ने यकीन तथ्यांक उपलब्ध छैन । गाउँपालिका भित्र करिव एक दर्जन बजार केन्द्रहरु रहनु, बजार केन्द्रहरुमा जनघनत्व तीव्र रुपमा बढ्दै जानुका कारणले विज्ञापन करको सम्भावना छ । यसकोलागि गाउँपालिकाले आवश्यक अध्ययन एवं कार्यबिधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउदा राम्रो हुने देखिन्छ ।

**तत्काल गर्नुपर्ने कार्यहरुः**

- गाउँपालिका क्षेत्रमा रहेका विद्यमान विज्ञापन सामग्री सम्बन्धी लगत संकलन गर्ने ।
- विज्ञापन कर व्यबस्थापन कार्यविधि तर्जुमा गर्ने । संकलन बिधि तय गर्ने ।
- कार्यविधि तर्जुमा गर्दा विज्ञापन सामग्रीको आकारका अतिरिक्त विज्ञापनका विषयवस्तुलाई पनि वर्गीकृत गर्ने ।
- सबै विज्ञापन करको दायरामा आउने विषय सुनिश्चित गर्ने, विज्ञापन कर संकलनको कार्यलाई प्रभावकारी बनाउन अनुगमनमा जोड दिने,
- सार्वजनिक जग्गा लगायत निजी घर र जग्गामा राखिएका विज्ञापन सामग्रीमा समेत कर लगाउने गरी कानूनी व्यबस्था गर्ने ।

### ज.मनोरञ्जन कर

**हालको अवस्था:** मनोरञ्जन कर सम्बन्धी अधिकार प्रदेश सरकारको क्षेत्राधिकार भित्र परे पनि यस शिर्षकमा कर उठाउन स्थानीय सरकारलाई अधिकार प्रत्यायोजन गरिएको छ । तर यस शिर्षकबाट उठेको रकम राजश्व बाँडफाँड वापत प्रदेश सरकारलाई समेत फिर्ता गर्नुपर्दछ । मनोरन्जन कर बापत हाल सम्म कुनै कर उठाउने गरिएको पाइएन । गाउँपालिका क्षेत्रभित्र केवुल च्यानल, डिस होम विक्रेता, बाट कर निर्धारण

गरी लागु गर्न सकिन्छ । गाउँपालिकाले बिगत बर्षहरुमा रकम संकलन नगरेको र आगामी दिनमा पूर्ण तयारी गरी कार्यान्वयन गर्ने गरी हाल लाई प्रस्ताव गरिएको छैन ।

**झ. पुर्वाधार उपयोगे करः**

पूर्वखोला गाउँपालिकाले पालिका भित्रका सडक पूर्वाधार उपयोग गरे वापत सवारी साधनहरुबाट कर संकलन गर्ने गरी आर्थिक ऐनमा प्रस्ताव गरेकोमा आ.व २०७९/८० देखि सो सम्वन्धी व्यवस्था खारेज भएकोले आगामी दिनहरुमा तत् सम्वन्धी प्रस्ताव नगरिएको ।

## गैर कर राजश्व

**क. बहाल विटौरी कर**

**हालको अवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लगाउन पाउने व्यवस्था गरेको छ । गाउँपालिका क्षेत्रमा त्यस्त संरचनाहरु नभएकोले यस गाउँपालिकामा यस शिर्षक अन्तर्गत करको संभावना रहेन ।

**ख. घर नक्सा पास दस्तुर :**

**हालको अवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७, दफा २७ ले कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु हुँदैन भन्ने निर्देश गरेको छ । पूर्वखोला गाउँपालिकाले आ.व २०७८/७९ देखि घर नक्सा पास तथा अध्यावधिक गर्ने कार्य गर्दै आएको छ । गाउँपालिकाले आ.व. २०७८/७८ मा यस शीर्षकमा के कती रकम संकलन गर्या सो सम्वन्धी बिवरण नभएता पनि आ.व. २०७९/८० मा रु ३०००००।- संकलन गर्ने गरी प्रस्ताव गरेकोमा फाल्गुण मसान्त सम्म रु १४१२।- मात्र संकलन गरेको छ । गाउँपालिकाको प्राबिधिक शाखाका अनुसार हालसम्म नक्सा पास नभै नहुने अवस्थामा मात्र नक्सा स्विकृत गराउने प्रचलन भएकोले पालिका क्षेत्र भित्र बन्ने तथा बनेका नया घरहरु सबैले नक्शा स्विकृत गरेका छैनन् । नर्या घरहरुको नक्शापास तथा पुरानो घरहरुको अभिलेखिकरण सम्वन्धी बिस्तृत बिवरण गाउँपालिकामा नपाइएको तथा विगत वर्षहरु देखि नै पुराना घरहरुको समेत अभिलेखीकरण गर्न सुरुगरिएको भएता पनि न्युन घरधनिहरुले मात्र अभिलेखिकरण गरेकोले अत्यधिक घरधुरीहरु अभिलेखिकरणगर्न वाँकी रहेका छन् ।

**संभावनाः** नक्सापास गाउँपालिकाको नियमित र उल्लेख्य आम्दानीको स्रोत हो । हालको बजार बिस्तार तथा पुरानो घरहरु भत्काई नया बनाउने प्रचलनले यो संख्या आगामी दिनमा बढ्दै जाने अनुमान गर्न सकिन्छ । बर्तमान अवस्थामा अत्यावश्यक कामकोलागि मात्र घरहरुको नक्सापास गर्ने प्रचन्न रहेको तथा गाउँपालिकाले समेत यस बिषयमा खासै चासो नराख्ने गरेको भन्ने छलफल बाट बुझिएकोले यस्तो कार्यलाई आगामी दिनहरुमा निरुत्साहित गरी सबै नया बन्ने घरहरुलाई नक्सापास गराई निर्माण गर्न अनिवार्य गर्नुपर्ने हुन्छ । प्राप्त बर्तमानको तथ्यांक तथा विगतको आय प्रवृत्तिका आधारमा नक्सापास दस्तुर बापत प्राप्त हुने आय आगामी दिनमा बढ्ने सहज अनुमान गर्न सकिन्छ । आगामी आर्थिक बर्ष २०८०/८१ को लागिरु ३०००००।- प्रस्ताव गरी बाँकी २ आर्थिक बर्षको लागि ५० प्रतिशत बृद्धि गर्ने लक्ष पस्ताब गरिएको छ ।

**सुधारका लागि सुझावहरुः**

- सडक, भवन मापदण्ड तथा नाक्सांकन कार्यविधि तयार गरी कडाइका साथ कार्यान्वयन गर्ने , घर निर्माण पूर्व अनिवार्य नक्सा पास गर्नुपर्ने व्यवस्था मिलाउने ।
- सचेतनामूलक तथा प्रचारात्मक अभियानहरु सञ्चालन गरी नक्सापास हुन बाँकी सबै घरलाई नक्सापासको दायरामा ल्याउने ।
- आवासीय, व्यवसायिक तथा औद्योगिक प्रयोजनका घरहरुलाई नक्सापास दस्तुरको दरमा विविधता कायम गरी सकेसम्म सानो संरचना निर्माण गर्ने आर्थिक रुपमा कमजोर करदातालाई सहुलियत प्रदान गर्ने ।
- नक्सा पास र घर बहाल कर तथा व्यवसाय करलाई सूचना प्रविधिको उपयोग गरी एक आपसमा आवद्ध गर्ने तथा कर प्रशासन र नक्सापास प्रक्रियालाई सरलीकृत गर्ने ।
- दक्ष जनशक्ति व्यवस्थापन गरी नक्सा पास सम्वन्धी कार्यलाई थप व्यवस्थित गर्ने ।

**ग) सिफारिश दस्तुर** :

**हालको अवस्थाः** गाउँपालिकाले दस्तुर शिर्षक अन्तर्गत बिबिध दस्तुर आर्थिक ऐनमा तोकी राजस्व संकलन गर्दै आएको छ । चालु आ.व. २०७९।८० मा रु.२०००००।- संकलन गर्ने लक्ष्य राखेको छ । चालु आ.व. २०७९।८० को फल्गुण मसान्त सम्म जम्मा रु १३२५७८७- संकलन भएको छ । यसरी प्रस्तावित रकम भन्दा बढी देखिनुमा

कार्यालयले आम्दानी बान्दा भुलबस यस्तो भएको हुन सक्छ। यस आर्थिक बर्षको बाँकी समयमा समेत थप रकम संकलन हुने संभावना रहेको छ। बिगतमा बर्षहरुमा समेत यस शिर्षकमा बिभिन्न दस्तुरहरु समेत एउटै शिर्षकमा आम्दानी बाधिएकोले रकम बढी देखिएको छलफलबाट पुष्टी हुन्छ । आगामी दिनहरुमा जुज जुन शिर्षकमा आम्दानी भएको हो तत् तत् शिर्षक अर्न्तगतनै आम्दानी बान्ने व्यवस्था मिलाउन सिफारीस गरिन्छ । यसरी भिन्दा भिन्दै आम्दानी जनाउदा यस अर्न्तगत जम्मा हुने रकम पनि कम हुने देखिन्छ । राजस्व संकलन गाउँपालिकाको कार्यालय सहित सबै वडा कार्यालयहरुबाट गर्ने गरिएको र वडाहरुबाट संकलन गरिने राजश्व रकममा राजश्व कोड नमिलेकाले पनि यसो भएको हुन सक्दछ । बिगतमा समेत प्रस्ताव गरिएको रकमको आधारमा आगामी आर्थिक बर्ष २०८०।८१ को लागि यस शिर्षक अर्न्तगत रु ३०००००।- अनुमान गरिएको छ ।

**सम्भावना:** सिफारिश वा प्रमाणित गर्ने काम गाउँपालिकाको नियमित र निरन्तर काम भएकाले यो गाउँपालिकाको आम्दानीको एक नियमित स्रोत समेत हो । यस शीर्षकमा विगतको आय प्रवृत्ति, जनसंख्या तथा बढ्दो शहरीकरणलाई मध्यनजर गर्दा आगामी आर्थिक बर्षमा रु ३०००००।- संकलन गर्न सक्ने अनुमान गरी स्वही बमोजिम प्रक्षेपण गरिएको छ ।

## घ) व्यक्तिगत घटना दस्तुर

स्थानीय तहले व्यक्तिगत घटना दर्तामा निश्चित अवधि (३५ दिन) कटेपछि मात्र बिलम्व शुल्कको रुपमा व्यक्तिगत घटना दस्तुर लिन पाउने प्रावधान रहेको छ। गाउँपालिकाले यस शिर्षक अर्न्तगत चालु आ.व. २०७९/८० मा रु. २०००००।- संकलन गर्ने लक्ष्य राखेको छ । चालु आ.व. २०७९।८० को फल्गुण मसान्त सम्म यस शिर्षक अन्तरगत कुनै रकम संकलन भएको देखिदैन । यस्तो हुनुमा संकलित राजश्व भिन्दै शिर्षकमा आम्दानी बानिएको हुन सक्दछ । बिगत बर्षको प्रस्तावित रकमलाई आधारमानी आगामी आ.व २०८०/८१ को लागि समेत रु २०००००।- संकलन हुने अनुमान गरिन्छ ।

## ङ) पर्यटन स्थल प्रवेश शुल्क

**हालको अवस्था:** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा पर्यटकीय स्थलमा कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने कानुनी व्यवस्था छ । तर हालसम्म पर्यटन शुल्क सम्बन्धमा कुनै निर्णय भने गरेको छैन । पूर्वखोला गाउँपालिकामा पर्यटकीय सम्भावना रहेका बिभिन्न स्थलहरु भएता पनि त्यसको अभ्ययन तथा अनुसन्धान भै कुनै प्रतिबेदन तयार भएको पाईएन । यसकोलागी मुख्य पर्यटकीय स्थलहरु एकिन गरी ती स्थलहरुको बिकास गरी स्वही बमोजिम प्रवेश शुल्कको व्यवस्था गर्दा राम्रो हुने देखिन्छ । यस योजनामा तत् सम्वन्धी प्रावधानलाई समावेश गरिएको छैन ।

## च) अन्य शुल्क तथा दस्तुर:

**हालको अवस्था:** गाउँपालिकाले माथी उल्लेखित शुल्क तथा दस्तुरको अलावा बिभिन्न दस्तुरहरु संकलन गर्दै आएकोमा बिगतमा यसलाई एकमुष्ट प्रस्ताव गरिएको भएता पनि आगामी आ.व २०८०/८१ देखि तत् तत् स्थानमा बिभाजन गरिएको छ ।

## च) दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त हुने आय (स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री) :

**हालको अवस्था:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ मा व्यबस्था भएअनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणिय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणिय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान छ । साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा हाल वातावरणीय प्रभाव मूल्यांकनको समेत व्यवस्था गरेको छ । अध्ययन सिफारिशका आधार प्रदेश मन्त्रालयको स्विकृतिमा स्थानीय तहले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ । बिगत बर्षहरुमा पूर्वखोला गाउँपालिले ढुंगा, गिट्टी, बालुवा जस्ता नदी जन्य पदार्थहरुको उत्खनन् तथा बिक्रि बाट रकम संकलन गर्दै आएको र चालु आ.व २०७९।८० मा यस शिर्षक अर्न्तगत रु ३५०००००।- प्रस्ताव गरेको छ । समयमा ठेक्का नलागेका कारण केही समय अमानत बाट संकलन गरिएकोले प्रस्ताव गरे अनुसारको रकम संकलन हुन सक्ने संभावना देखिदैन गाउँपालिकामा भएको छलफल अनुसार यस आर्थिक बर्षमा समयमै ठेक्का बन्दोवस्त हुन नसकेता पनि आगामी आ.व २०८०/८१ मा ढुंगा, गिट्टी, बालुवा जस्ता नदी जन्य पदार्थहरुको उत्खनन् तथा बिक्रि बाट यस आर्थिक बर्षमा प्रस्ताव गरेकौ

अंक ३५०००००।- सम्ममै ठेक्का लगाउन सकिने संभावना यथावत भएकोले स्वही बमोजिम रु ३५०००००।- अनुमान गरिएको छ ।

**सुधारका पक्षहरुः**

- आगामी दिनमा गाउँपालिकाले पालिकाकै प्रमुख श्रोतको रुपमा रहेको पूर्वखोलामा क्षेत संकलनको लागि मुख्य मुख्य घाट पहिचान गरी स्वही बमोजिम ठेक्का बन्दोवस्त गर्नुपर्ने ।
- ढुंगा, गिट्टी, बालुवाको मुख्य श्रोतको रुपमा रहेको पूर्वखोलाका बिभिन्न स्थानहरुमा चेक ड्याम निर्माण गरी बालुवा संकलन स्थलको निर्माण गरी बिक्रीको व्यवस्था मिलाउने ।
- गाउँपालिकाको वडा नं २ को जल्पामा रहेको वालुवाखानीको बिस्तृत अध्ययन गरी संभाब्य भए स्वही बमोजिम बालुवा संकलन तथा निकासीको ब्यवस्था मिलाउने ।
- ढुंगा, गिट्टी, बालुवाका उत्खनन् तथा ओसार पसार गर्दा हुने सक्ने नदि कटान, प्रदुषणलाई मध्यनजर गरी सो न्युनिकरणका लागि आवश्यक व्यवस्था मिलाउने ।

# परिच्छेद-४

# आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदमा पूर्वखोला गाउँपालिकाले बिगतमा राजश्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको बर्तमान अवस्थालाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । यसबाट पूर्वखोला गाउँपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न आवश्यर्क कार्यहरूको पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजश्व परिचालन सम्बन्धी संस्थागत ब्यबस्था :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार पूर्वखोला गाउँपालिकाले गाउँपालिका उपाध्यक्ष श्री भागिरथी शर्मा भट्टराईज्यूको संयोजकत्वमा राजस्व सम्बन्धी विषयमा परामर्शका लागि स्थानीय राजश्व परामर्श समिति गठन गरिएको छ र राजस्व परामर्श समितिले राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी गाउँपालिकामा सिफारिश गर्ने लगायत कार्यहरु गर्दै आएको छ ।

## ४.२ गाउँपालिकाको विगत ३ बर्षको आय परिचालनको अवस्था

तालिका :२

पूर्वखोला गाउँपालिकाको राजश्व संकलनको अवस्था रु हजारमा

| राजश्व संकेत | राजश्व शिर्षक | यथार्थ आय आ.व अनुसार | | | विगतको बृद्धि दर | प्रस्तावित आय |
|---|---|---|---|---|---|---|
| | | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | | ०७९/८० |
| **आन्तरिक श्रोत** | | **२८६२४.६७** | **५२४६२.७९** | **५४५३९.५०** | **३८.०३** | **४२०५०.००** |
| ११६९१ | **आन्तरीक राजश्व** | ९३१.१५ | ३४४८.०० | ४४९१.१० | ११९.६२ | ८०००.०० |
| ३२१३१ | **नगद** | २७६९३.५२ | ०.०० | ०.०० | ०.०० | २७५०.०० |
| ३२१२२ | **बैंक मौंज्दात** | ०.०० | ४९०१४.७९ | ५००४८.३९ | २.११ | ३१३००.०० |
| **बाँडफाँड बाट प्राप्त शुल्क/दस्तुर** | | **५००७७.४६** | **६८५०६.५६** | **७२६३१.१५** | **२०.४३** | **९११०३.००** |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | आन्तरीक आयमा समावेश गरिएको । | | | | |
| ११४११ | मुल्य अभिबृद्धि.कर | ४६०२१.१३ | ६२७८८.०२ | ४८५८३.९८ | २.७५ | ८४०८८.०० |
| ११४२१ | अन्तःशुल्क | ४०५६.३३ | ०.०० | १८२४२.०९ | १००.०० | ०.०० |
| ११४५६ | सवारी साधन कर | ०.०० | ५७१८.५४ | ५८०५.०८ | १.५१ | ७०१५.०० |
| १४१५७ | दहत्तर बहत्तरको बिक्रिबाट | आन्तरीक आयमा समावेश गरिएको । | | | | |
| **केन्द्रीय शसर्त तथा निशर्त अनुदान** | | **२५९०६६.९१** | **२८५३८८.४३** | **२८७२५७.६३** | **५.३०** | **३३६६००.००** |
| १३३११ | समानिकरण अनुदान | ८४७००.०० | ८७१००.०० | ९२६००.०० | ४.५६ | ९९५००.०० |
| १३३१२ | शसर्त अनुदान चालु | १७४३६६.९१ | १८६९७१.९१ | १८४१७३.९२ | २.७७ | १९९४००.०० |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | ०.०० | ०.०० | ८७८६.६८ | १००.०० | १७७००.०० |
| १३३१४ | विषेश अनुदान चालु | ०.०० | ४२७८.६८ | ०.०० | ०.०० | ०.०० |
| १३३१५ | विषेश अनुदान पूँजीगत | ०.०० | ०.०० | १६९७.०४ | १००.०० | ७०००.०० |
| १३३१६ | समपुरक अनुदान चालु | ०.०० | ७०३७.८४ | ०.०० | ०.०० | ०.०० |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | ०.०० | ०.०० | ०.०० | ०.०० | १३०००.०० |
| **प्रदेश सरकार अनुदान** | | **३८०७६.००** | **३९३७८.९७** | **२६११५.१५** | **-१७.१८** | **३३६२१.००** |
| १३३११ | समानिकरण अनुदान | ४१२६.०० | ५०४९.०० | ४३१२.०० | २.२३ | ५२७१.०० |
| १३३१२ | शसर्त अनुदान चालु | ८०००.०० | ११३८६.७२ | ७२१८.४९ | -५.०१ | ८०००.०० |
| १३३१४ | विषेश अनुदान चालु | १२२००.०० | ११७६२.४९ | ५७०३.०७ | -३१.६३ | ६०००.०० |
| १३३१६ | समपुरक अनुदान चालु | १३७५०.०० | १११८०.७६ | ०.०० | ०.०० | १४३५०.०० |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | ०.०० | ०.०० | ८८८१.५९ | १००.०० | ०.०० |
| **जम्मा राजश्व तथा अनुदान** | | **३७५८४५.०३** | **४४५७३६.७४** | **४४०५४३.४३** | **८.२७** | **५०३३७४.००** |

पूर्वखोला गाउँपालिकाको आन्तरिक आय तर्फको आम्दानी संघीय तथा प्रदेश सरकार बाट प्राप्त हुने अनुदानहरुको तुलनामा न्युन देखिन्छ । आर्थिक बर्ष २०७६/७७ को तुलनामा आर्थिक बर्ष २०७७/७८ तथा आ.ब २०७८/७९ मा आन्तरीक आयमा बृद्धि भएको छ । आर्थिक बर्ष २०७९/८० मा अघिल्लो आर्थिक बर्षहरुको तुलनामा

गाउँपालिकालाई केन्द्र तथा प्रदेश सरकार बाट प्राप्त हुने सशर्त तथा निशर्त अनुदानहरुमा बृद्धि देखिन्छ । कुल आम्दानीमा आर्थिक बर्ष २०७७/७८ तथा आर्थिक बर्ष २०७८/७९ को आय संरचनालाई हेर्दा कुल आम्दानीमा १.१६ प्रतिशतले ह्रास आएको छ । त्यसै गरी आर्थिक बर्ष २०७८/७९ को तुलनामा आर्थिक बर्ष २०७९/८० को लागि कुल बजेटमा करिब १४.२६ प्रतिशतले बृद्धि हुने प्रस्ताव गरिएको छ ।

## ४.३. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

**राजस्व संकलन सम्बन्धी संस्थागत व्यवस्था:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा राजस्व सम्बन्धी विषयमा परामर्शका लागि सात सदस्यीय स्थानीय राजस्व परामर्श समिति गठन गरिएको छ । पूर्वखोला गाउँपालिकाको राजश्व परामर्श समिति गठन गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ मा ब्यबस्था भए अनुसार निजि क्षेत्रको उद्योग बाणिज्य सम्वन्धी मान्यताप्राप्त संस्था र घरेलु तथा साना उद्योग सम्वन्धी मान्यताप्राप्त संस्था गाउँ तहमा नभएता पनि जिल्ला तहको प्रतिनिधिलाई प्रतिनिधित्व गराइएको देखिन्छ ।

**गाउँपालिकाको राजस्व परामर्श समितिको संरचना**

| सि.नं | पदाधिकारीहरु | पद | नाम थर |
|---|---|---|---|
| १ | गाउँपालिकाका उपाध्यक्ष | अध्यक्ष | श्री भागिरथी शर्मा भट्टराई |
| २ | प्रमुख प्रशासकिय अधिकृत | सदस्य | श्री मान बहादुर सारु |
| ३ | कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्यहरु मध्येबाट एक जना महिला सहित दुई जना | सदस्य | श्री रेवती सरा घर्ति<br>श्री निर बहादुर थापा |
| ४ | निजि क्षेत्रको उद्योग बाणिज्य सम्वन्धी मान्यताप्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य | श्री संजय श्रेष्ठ |
| ५ | घरेलु तथा साना उद्योग सम्वन्धी मान्यताप्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य | घरेलु तथा साना उद्योग सम्वन्धी मान्यताप्राप्त संस्था गाउँ तहमा नरहेको । |
| ६ | कार्यपालिकाको लेखा शाखाको प्रमुख | सदस्य सचिव | श्री दिपक कुवर |

राजस्व परामर्श समितिले समय समयमा बैठक गर्ने तथा राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दर र दायरा समेतको विश्लेषण गरी गाउँपालिकामा सिफारिश गर्ने लगायत ऐनले निर्दिष्ट गरे अनुसारका अधिकार क्षेत्रभित्रका कामहरू गर्दै आएको छ । समितिको बैठक बाट आगामी बर्षमा लगाउने विभिन्न कर तथा गैर करहरुको दररेटको सम्बन्धमा शीर्षकगत रुपमा छलफल गरी स्वीकृतिका लागि कार्यपालिका मार्फत गाउँ सभामा पेश गर्ने गर्दछ ।

## ४.४. राजश्व परिचालनमा रहेका सवालहरू

पूर्वखोला गाउँपालिकाले राजश्व संकलनका अधिकार क्षेत्र भित्रका धेरैजसो सम्भावनाहरु उपयोगमा ल्याएको भएता पनि कतिपय संभाबित शीर्षकहरुको कार्यान्वयन गर्ने भनिएता पनि प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइएको पाइएन । समग्रमा यस गाउँपालिकाको राजश्व परिचालनको क्षेत्रमा निम्नअनुसारका प्रमुख सवालहरु विद्यमान रहेको देखिन्छ :

**क) उपयुक्त संगठन निर्माण तथा क्षमता विकास :**

राजश्व संकलनलाई प्रभावकारी तथा पारदर्शी बनाउन राजस्व संकलन सम्बन्धी छुट्टै कार्यविधिहरू, आवश्यक जनशक्ति, कार्य स्थल तथा आवश्यक उपकरण सहितको कार्य वातावरण हुनु आवश्यक छ । गाउँपालिकाको संगठनात्मक संरचना सम्वन्धी अध्ययन भएको भएता पनि बिगतमा मन्त्रालयबाट स्विकृत दरवन्दीलाईनै आधारमानी कार्य संचालनमा ल्याएको देखिन्छ । स्विकृत गाउँपालिकाको संगठन संरचनामा राजश्व इकाई रहने व्यवस्था भएता पनि हालसम्म राजश्व इकाई गठन भएको पाइएन । बर्तमान अवस्थामा लेखा शाखा बाट राजश्व संकलन सम्वन्धी कार्यहरु गर्ने गरेको पाइन्छ । गाउँ कार्यपालिकाको कार्यालय लगायत सवै वडा कार्यालयहरुबाट राजस्व संकलन हुने गरेकोमा कार्यालयबाट बिलिङ सफ्टवेयर वेस रहेको भएता पनि वडा कार्यालयहरुमा सफ्टवेयर प्रयोग गर्ने गरेको पाइएन । गाउँपालिकाको कार्यालयमा संकलन भएको रकम अर्को दिन तथा वडा कार्यालयहरुमा संकलन भएको

रकम एक महिना भित्र बैंक दाखिला गर्ने गरेको देखिन्छ । कर संकलन र व्यवस्थापन प्रभावकारी बनाउन अनिबार्य तत् सम्वन्धी कार्यबिधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु आवश्यक छ । बिबिध कुराहरुलाई मध्य नजर गरी गाउँपालिकाले तत्काल निंन कुराहरमा ध्यान पुऱ्याउनु आवश्यक छ ।

- हाल लेखा शाखा तथा राजश्व इकाई संयुक्त रुपमा एउटै कोठामा रहेको तथा कार्य जिम्मेबारी समेत लेखापाललाई दिइएकोले आगामी दिनमा राजश्व इकाई छुट्टै स्थापना गरी आवश्यक जनशक्ति तथा उपकरण तथा उपयुक्त कार्यकक्षको व्यवस्थापन हनु अत्यावश्यक देखिन्छ ।
- बर्तमान अवस्थामा पालिका तहमा मात्र राजस्वको सफ्टवेयर प्रयोगमा ल्याइएकोमा तत्काल यसलाई वडातह सम्म लैजानु पर्ने तथा स्वही अनुसार वडातहमा कार्यरत वडा सचिवहरुलाई समेत कम्प्युटर सन्चालन सम्वन्धी सीप बिकास गरिनुपर्ने ।
- हाल संचालनमा रहेको सफ्टवेयरमा भएका राजश्वका संकेत नम्वरहरु **SUTRA** मा भएअनुसार नमिलेको भन्ने गुनासो रहेकोले त्यसमा सुधार गरिनुपर्ने ।
- राजश्व परामर्श समितिका पदाधिकारीहरु तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिकालागि राजश्व संकलन तथा व्यवस्थापनमा राम्रो कार्य गरेका स्थानीय तहहरुमा अबलोकन भ्रमणका साथै बिभिन्न क्षमता बिकासका गतिबिधिहरु संचालन गरिनुपर्ने ।

### ख. तथ्यांक संकलन तथा अध्याबधिक

हाल गाउँपालिकामा घरधुरी कर भूमि कर (मालपोत), व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउने करदाताको संख्या के कति हो एकीन तथ्यांकको अभाव रहेको पाइयो । अत आगामी दिनमा क्षेत्रगत रुपमा संभाब्य करदाताको लगत संकलन गरी नियमित अध्यावधिक गर्नुपर्ने देखिन्छ । करदाताको लगत संकलन पश्चात् करको दायरामा आउन बाँकी करदाताको संख्याका बारेमा आँकलन गर्न सकिन्छ । पूर्णरुपमा कम्प्युटरमा आधारित बिलिङ गर्ने परिपाटी भएकोले कुन शीर्षकमा कुन करदाताले के कति कर तिरे त्यसको बिबरण पाउने गरी सफ्टवेयरमा सुधार गर्नुपर्ने भए स्वही अनुसार गर्न सिफारीस गरिन्छ ।

### ग. आन्तरिक आय परिचालन नीति तथा कार्यविधिः

गाउँपालिकाले विभिन्न तहको आय परिचालन सम्बन्धी कार्यविधि तैयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्वन्धी ब्यवस्था, अनुगमन जस्ता विषयवस्तुहरु समाबेश गर्नुपर्दछ ।

### घ. राजस्वका दर निर्धारण तथा प्रचार प्रसारः

हालको कानुनी व्यवस्था अनुसार राजस्व संकलनका लागि दर निर्धारण गर्दा सरोकारवाला व्यक्ति तथा संघ संस्थाहरुसँग पर्याप्त छलफल गर्ने र सभाबाट स्वीकृत भएको करका दर तथा दायराहरु बारे जनस्तरसम्म प्रचार प्रसार गर्न आवश्यक हुन्छ । गाउँपालिकाले करदातालाई उनिहरुले तिर्नुपर्ने कर सम्बन्धी जानकारी उपलब्ध गराउन अग्रिम सूचना सम्प्रेषण गर्ने विधिको उपयोग सँगै करदाता शिक्षामा पनि पर्याप्त ध्यान दिनुपर्ने हुन्छ । यसका अतिरिक्त राजस्व प्रशासनमा पुरस्कार तथा दण्डको नीतिलाई अवलम्बन गरिनु पर्दछ । पूर्वखोला गाउँपालिकाले हाल सम्म करदाताहरुलाई सम्मान गर्ने निति कार्यान्वयनमा ल्याएको पाइएन । अतः आगामी दिनहरुमा यस्ता गतिबिधिहरु समेत संचालनमा ल्याइनु आवश्यक छ ।

### ङ. समन्वय तथा सहकार्यः

राजश्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजश्व संकलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग प्रभावकारी समन्वयको खाँचो देखिन्छ । यसका लागि राजश्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजश्व परामर्श समितिको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक छ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखा बीच निरन्तर समन्वयको खाँचो देखिन्छ । त्यसैगरी रोयल्टी लगायतका राजस्व बाँडफाँडका सम्बन्धमा संघीय सरकारसँग, सवारी साधन कर तथा घरजग्गा रजिष्ट्रेशन, सवारी साधन शुल्क, बन रोयल्टी लगायतको बाँडफाँडमा प्रदेश सरकारसँग पर्याप्त समन्वय कायम नहुँदा गाउँपालिकामा प्राप्त हुने स्रोत नियमित रुपमा प्राप्त नहुन सक्दछ । साथै स्थानीय स्तरमा राजश्व सम्वन्धी गरिने बिभिन्न निर्णयहरुमा छिमेकी स्थानीय तहका निर्णयहरुलाई समेत ध्यान दिई निर्णय गर्नुपने हुन्छ ।

# परिच्छेद-५
# राजस्व सुधार कार्ययोजना

पूर्वखोला गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा मिति २०७८/१२/१० गतेका दिन गाउँपालिकाको सभा हलमा अभिमुखिकरण तथा कार्यशाला गोष्ठी संचालन गरिएको थियो । गाउँपालिकाको आयोजना तथा परामर्श दातृ संस्था सिटी सपोर्ट इनिसियटिभ्स रुपन्देहीको सहजीकरणमा संचालित उक्त कार्यशालामा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष लगायत निर्वाचित पदाधिकारीहर, राजस्व परामर्श समितिका सदस्यहरु, पालिकाका कर्मचारीहरू लगायतका व्यक्तिहरूको सहभागिता रहेको थियो । कार्यशालामा सहभागीहरूसंगको अन्तरकृया तथा छलफल एवं सहभागिहरुकै सहभागितामा राजस्व सुधार कार्ययोजना तयार गरिएको थियो । सहभागिहरुको तर्फवाट आर्थिक ऐन २०७९ मा भएका प्रावधानहरु, हाल संकलन गरिएका राजश्वका क्षेत्रहरु र संकलन गर्दा भोगिएका सजिला तथा अप्ठ्याराहरुलाई मध्यनजर गरी राजश्वको विभिन्न शिर्षकहरुमा ब्यापक छलफल गरिएको थियो ।

कार्यशालाका सहभागीहरुबाट प्राप्त सुझावहरु तथा परामर्शदाताको तर्फबाट संकलित अन्य सूचना एवं विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी कार्यशालाबाट सहभागितात्मक रुपमा राजस्व सुधार कार्ययोजना तैयार गरी छलफलबाट अन्तिम रुप दिईएको थियो । कार्ययोजनालाई मुख्यतया दुई भागमा बाँडिएको छ । पहिलो भागमा कर तथा गैर कर राजश्व सुधार योजना तथा दोश्रो भागमा राजश्व प्रशासन सम्वन्धी कार्ययोजना समाबेश गरिएको छ ।

राजस्व सुधार योजना बनाउने क्रममा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा पूर्वखोला गाउँपालिकाको आर्थिक ऐन २०७९ ले निर्दिष्ट गरे बमोजिमका करका दर र दायरा वृद्धि गर्न गाउँपालिका निर्वाचित जनप्रतिनिधिहरु, राजस्व परामर्श समितिका सदस्यहरु एवं कर्मचारीहरुसँगको सहभागितामा तयार गरिएको राजश्व सूधार कार्ययोजना तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## ५.१ कर तथा गैर कर राजश्व सुधार कार्ययोजना

**तालिकाः ३**

**कर तथा गैर कर राजस्व सूधार कार्ययोजना**

| कर राजश्वका शीर्षकहरु | सुधारका लागि गर्नु पर्ने कार्यहरु | सयमावधी | जिम्मेवारी |
|---|---|---|---|
| **सम्पत्ति कर** | ▪ मालपोत कार्यालयबाट समेत वडागतरुपमा सुचनाहरु ल्याई जग्गा र जग्गा धनि एकिन गर्ने ।<br>▪ प्रत्येक वडाका घरहरुलाई बर्गिकरण गर्ने, अभिलेखिकरण गर्ने । सकिन्छ भने वडागत रुपमा घर नम्बर समेत दिने ।<br>▪ सडक पहुंचको आधारमा जग्गाको थप वर्गीकरण गर्ने ।<br>▪ सम्भाव्य करदाता सबैको विवरण संकलन गर्ने । नियमित तथ्यांकहरु अद्यावधिक गर्ने ।<br>▪ सम्पत्ति कर सम्बन्धी जनचेतना शिविर सञ्चालन गर्ने ।<br>▪ सबै वडाकार्यालयमा भरपर्दो इन्टरनेट सुविधा उपलव्ध गराउने ।<br>▪ अनलाईन कर भुक्तानी प्रणाली शुरुवातको लागि तयारी गर्ने । | सम्पत्ति कर सम्वन्धी प्रावधानको कार्यान्वयन भै नसकेकोले आ.व. २०८०।८१ मा तयारीका काम सम्पन्न गरी आ.व २०८१/८२ बाट लागु गर्ने । | राजस्व शाखा, सूचना प्रविधि शाखा, वडा कार्यालयहरु, राजश्व परामर्श समिति |
| **भूमिकर/मालपोत** | ▪ मालपोत कार्यालयबाट जग्गाको अभिलेख प्राप्त गरी वडागत रुपमा सम्पूर्ण जग्गाधनीहरुको | आ.व. २०८०।८१ देखि निरन्तर | राजस्व शाखा, वडा कार्यालयहरु, राजश्व |

| कर राजश्वका शीर्षकहरु | सुधारका लागि गर्नु पर्ने कार्यहरु | सयमावधी | जिम्मेवारी |
|---|---|---|---|
| | अभिलेख अद्यावधिक गर्ने, कृषि/गैर कृषि र आवसीय क्षेत्रको एकीन गर्ने ।<br>▪ खेति हुने र नहुने, पाखो तथा फाँटको जग्गाको पुनवर्गीकरण गरी मूल्यांकनलाई वैज्ञानिक बनाउने<br>▪ बस्ती बस्तीमा कर शिक्षा संचालन गर्ने । | | परामर्श समिति |
| **घरजग्गा बहाल कर** | ▪ घरधुरी विवरण संकलन गर्ने ।<br>▪ सम्भव भए सबै घरहरु नम्बरिङ गर्ने ।<br>▪ घरजग्गा बहाल कर संकलन कार्यविधि तय गर्ने<br>▪ सबै भन्दा बढी कर र नियमित बुझाउनेलाई सम्मान गर्ने ।<br>▪ घर जग्गा बहाल कर सम्बन्धमा नागरिक सचेतना कार्यक्रम संचालन गर्ने ।<br>▪ घर भाडामा लगाए नलगाएको नियमित अनुगमन गर्ने ।<br>▪ वडा क्षेत्र भित्र रहेका घर, पसल, कारखाना, ग्यारेज, गोदाम आदिको लगत संकलन गर्ने ।<br>▪ करदाताहरुको लागि कर शिक्षा कक्षा सञ्चालन गर्ने । | आ.व. २०८०।८१ देखि निरन्तर | आर्थिक प्रशासन शाखा, राजश्व शाखा, सूचना प्रविधि शाखा, वडा कार्यालयहरु, राजश्व परामर्श समिति |
| **व्यवसाय कर** | ▪ व्यवसाय दर्ता सम्वन्धी सरोकारवालाहरुसंग आवश्यक छलफल चलाउने ।<br>▪ सबै व्यवसायीहरुलाई गाउँपालिकामा सुचिकृत हुन आह्वान गर्ने । संभब भए स्लगत रुपमा व्यवसाय दर्ता शिविर संचालन गर्ने एब नागरिक सचेतना कार्यक्रम संचालन गर्ने ।<br>▪ सबै व्यवसायीहरुको विवरण संकलन गरी नियमित अद्यावधिक गर्ने र विषयगत शाखा र वडा कार्यालयमा समेत अभिलेखिकरण गर्ने<br>▪ लगानी कारोबारको प्रकृति, कारोबारको परिमाणका आधारमा करको दर निर्धारण गर्ने ।<br>▪ अग्रिम कर भुक्तानीमा छुटको व्यवस्था गर्ने ।<br>▪ नियमित अनुगमन, दण्ड र पुस्कारको व्यवस्था । | २०८० कार्तिक मसान्त सम्म<br>आ.व. २०८०।८१ देखि निरन्तर | आर्थिक विकास शाखा, राजस्व परामर्श समिति, वडा कार्यालयहरु |
| **कवाडी कर** | ▪ कवाडी संकलन सम्वन्धी संभाव्यता समिक्षा गर्ने<br>▪ संभाव्यता देखिएका वस्तुहरुको करका दरहरु आवस्यकता अनुसार परिमार्जन गर्ने र संकलन बिधि तोक्ने । कार्यान्वयनमा ल्याउने<br>▪ कवडी संकलनको लागि ईच्छुक व्यवसायिको छनोट गर्ने ।<br>▪ संकलन केन्द्र स्थापना र व्यवस्थित गर्ने । | आ.व. २०८०।८१ देखि निरन्तर | आर्थिक विकास शाखा, राजस्व परामर्श समिति वडा कार्यालयहरु |
| **विज्ञापन कर** | ▪ गाउँपालिकामा लगाउन सकिने विज्ञापन कर सम्बन्धी अध्ययन गर्ने ।<br>▪ विज्ञापन कर संकलन सम्वन्धी कार्यविधि तर्जुमा गरी स्विकृत गर्ने ।<br>▪ करको दायरामा नआएका करदाताहरुलाई करको दायरामा ल्याउने ।<br>▪ अनुगमनलाई प्रभावकारी बनाउने । | २०८०/८१ मा तयारी तथा<br>२०८१।८२ देखि कार्यान्वयनमा ल्याउने । | राजस्व शाखा, राजस्व परामर्श समिति |
| **मनोरन्जन कर** | हाल संभावना नरहेको । | | |

| कर राजश्वका शीर्षकहरु | सुधारका लागि गर्नु पर्ने कार्यहरु | सयमावधी | जिम्मेवारी |
|---|---|---|---|
| | ▪ आवश्यकता अनुसार सम्भाव्य क्षेत्रहरुको प्रारम्भिक वातावरणीय परीक्षण तथा आवश्यकता अनुसार वातावरणीय प्रभाव मूल्यांकन समेत गर्ने । (हाल सो कार्य नभएका स्थानहरुको) | २०८० मंसिर मसान्त सम्म | वातावरण शाखा राजस्व शाखा |
| **गिट्टी, ढुङ्गा, बालुवा जस्ता वस्तुको बिक्री प्राप्त हुने रकम** | ▪ वडागत रुपमा उल्लेखित श्रोतहरु उपलव्ध हुने स्थानको अन्तिम पहिचाहन गर्ने । आवस्यक परिमाणको टुङ्गो गर्ने ।<br>▪ आर्थिक ऐनमा व्यवस्था भए अनुसारको बिक्रीको दर निर्धारण गर्ने । गिट्टी, ढुङ्गा, बालुवा जस्ता वस्तुको उत्खनन्, ओसारपसार सम्बन्धी कार्यविधि तर्जुमा गरी स्विकृत गर्ने ।<br>▪ गिट्टी, ढुङ्गा, बालुवा जस्ता वस्तुको बिक्री ठेक्का कायम गर्ने ।<br>▪ कानुन विपरित काम गर्ने ठेकदार/उपभोक्ता समितिहरुलाई कारबाहीको दायरामा ल्याउने । | २०८० आषाढ मसान्त सम्म सबै बन्दोबस्त मिलाई आ.ब २०८०/८१ देखि नै कार्यान्वयन गर्ने । | राजस्व शाखा, राजस्व परामर्श समिति, कार्यपालिका, गाउँ सभा, प्रमुख प्रशासकिय अधिकृत |
| | ▪ संकलन तथा ओसारपसार कार्यको नियमित अनुगमन गर्ने ।<br>▪ अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन्हुने कार्यको सुनिश्चित गर्ने ।<br>▪ आवस्यकता अनुसार बिभिन्न स्थानहरुमा चेक ड्यामहरुको निर्माण गरी संकलन स्थल निर्माण गर्ने । | नियमित | अनुमगन समिति |
| **घर नक्सापास** | ▪ भवनहरुलाई आवासीय, व्यवसायिक तथा औद्योगिक गरी वर्गीकरण गर्ने ।<br>▪ वर्गीकरण अनुसार दर निर्धारणका लागि आर्थिक ऐन संशोधन गर्ने, सेवामूलक संरचनालाई छुट दिन सकिने ।<br>▪ बिगतमा निर्माण सम्पन्न भएका घरहरुलाई समेत सुचिकृत गर्न आवश्यक ब्यबस्था मिलाउर्ने ।<br>▪ घर नम्वर कायम गर्ने, अनुगमनको व्यवस्था गर्ने ।<br>▪ दण्ड र जरिवानाको व्यवस्था | आ.व. २०८०।८१ देखि निरन्तर | प्राबिधिक शाखा तथा वडा कार्यालय |
| **बहाल बिटौरी** | ▪ बहाल बिटौरी करको संभावना नरहेको । | | |
| **व्यवसाय दर्ता, अनुमति तथा नवीकरण दस्तुर** | ▪ दर्ता, अनुमति तथा नवीकरण दस्तुर सम्बन्धी कार्यविधि तय गर्ने र पूँजी तथा कारोबारको आधारमा दस्तुरहरु तय गर्दै जाने ।<br>▪ गा.पा. भित्र रहेका व्यवसायहरुको पहिचान तथा वर्गिकरण र सुचिकृत गर्ने ।<br>▪ कर सम्वन्धी जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने ।<br>▪ दर्ता नगरी संचालन गरीएको व्यवसायलाई जरिवानाको व्यवस्था गर्ने । | आ.व. २०८०।८१ देखि निरन्तर | आर्थिक बिकास शाखा, राजस्व शाखा |
| **सिफारिश तथा प्रमाणित दस्तुर** | ▪ दरमा समसायिक परिमार्जन गर्ने ।<br>▪ करको दर कम गर्ने र दायरा वढाउने | आ.व. २०८०।८१ देखि निरन्तर | -राजस्व शाखा, कार्यपालिका |

## ५.२ राजश्व प्रशासन सुधार योजना

समग्र राजस्व परिचालनलाई प्रभावकारी बनाउन के गर्न सकिन्छ भनी सहभागितामूलक रुपमा छलफल गरी प्राप्त भएका बुँदाहरूका आधारमा यहाँ राजस्व प्रशासन सुधार योजना तर्जुमा गरिएको छ, जुन देहाय अनुसार रहेको छ

**तलिका: ४**

**राजश्व प्रशासन सूधार कार्ययोजना**

| सुधारका क्षेत्रहरु | राजश्व प्रशासनमा सुधारका लागि गर्नुपर्ने कार्य | कहिले गर्ने | जिम्मेवार निकाय |
|---|---|---|---|
| नीतिगत व्यवस्था | ▪ वार्षिक रुपमा आर्थिक ऐनको पुनरावलोकन गर्ने र व्यवहारिक नदेखिएका प्रावधानहरुलाई वार्षिक रुपमा परिमार्जन गर्दै लैजाने । <br> ▪ प्रगतिशील करको दर, मूल्य र महत्वको आाधारमा कर निर्धारण, समयानुकूल करको दरमा परिमार्जन । <br> ▪ समयमै कर तिर्नेलाई सहुलियत तथा ढिला तिर्नेलाई दण्ड/जरिवानाको व्यवस्था । <br> ▪ उत्कृष्ट करदातालाई सम्मान कार्यक्रम आयोजना गर्ने | २०८० श्रावण देखि प्रत्येक वर्ष | राजस्व शाखा, राजस्व परामर्श समिति |
| सांगठनिक संरचना | ▪ राजस्व सम्बन्धी कामको चाप र आवश्यकता अनुसार गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा अध्ययनको आधारमा कर्मचारीको व्यबस्थापन गर्ने । <br> ▪ टोल सुधार समिति गठन, नियमितता तथा क्रियाशिलता | २०८० श्रावण देखि निरन्तर | प्रशासन शाखा |
| सेबाग्राही मैत्री पूर्वाधार तथा संरचना | ▪ सेवाग्राही मैत्री भौतिक संरचनाको व्यवस्थापन ( खानेपानी, शौचालय, प्रतिक्षालय, चमेनागृह । <br> ▪ बिभिन्न माध्यम बाट सूचना प्रवाह, पहिले आउनेलाई पहिलो सेवा, असक्त तथा अपाङ्ग एवं जेष्ठ नागरिकलाई प्राथमिकता जस्ता कार्यक्रम लागु गर्ने । | २०८० श्रावण देखि निरन्तर | राजस्व शाखा |
| आवश्यक भौतिक सामाग्रीको व्यबस्थापन तथा प्रबिधिको प्रयोग | ▪ राजश्व संकलन सम्वन्धी कार्यका लागि गाउँपालिका तथा वडा कार्यालयहरुमा आवश्यक कम्प्युटर, प्रिन्टर लगायत भौतिक समाग्री लगायत कार्यकक्षको व्यवस्था । <br> ▪ कार्यरत कर्मचारीहरुको क्षमता बिकास । <br> ▪ बिभिन्न सफ्टवेरहरुको प्रयोग । | २०८० श्रावण देखि निरन्तर | प्रशासन तथा जिन्सी शाखा सुचना प्रबिधि शाखा, राजस्व शाखा |
| राजस्व असुलीमा पारदर्शिता तथा जवाफदेहित | ▪ सेवा प्रबाह सम्वन्धी मापदण्ड तयार गर्ने । <br> ▪ समयानुकूल करमा अद्यावधिक गर्ने । <br> ▪ गाउँपालिकाको आम्दानी खर्चको सार्बजनिकिकरण गर्ने <br> ▪ राजश्व संकलनमा सुचना प्रविधिको प्रयोग गर्ने । <br> ▪ संकलित राजश्व समयमै दाखिला गर्ने । | २०८० श्रावण देखि निरन्तर | राजस्व शाखा |
| करदाताको अभिलेखिकरण | ▪ विद्युतीय प्रविधिको प्रयोग गरी सबै प्रकारका करदाताको अभिलेख राख्ने र अद्यावधिक गर्दै जाने । <br> ▪ अव्यवस्थित वसोवासी तथा सुकुमवासीहरुको प्रविधिमा आधारित लगत तयार गरी अद्यावधिक गर्ने । | २०८० श्रावण देखि निरन्तर | सुचना प्रबिधि शाखा, राजस्व शाखा |
| अनुगमन मूल्यांकन | ▪ आन्तरिक अनुगमनलाई प्राथमिकता दिने । अनुगमन समिति तथा राजश्व परामर्श समितिबाट राजश्व शाखा तथा वडा कार्यालयहरुको अनुगमन गर्ने । <br> ▪ ब्यपार व्यवसायीक संस्थाहरु गाउँपालिकामा सुचिकृत, दर्ता, नविकरण भए नभएको अनुगमन गरी सो कार्यको लागि अभिप्ररित गर्ने । <br> ▪ करदाताहरुलाई करको महत्व बुझाउने । <br> ▪ करदाता बाट सुझाव संकलन गर्ने । <br> ▪ राजस्व चुहावट भए नभएको यकीन गर्ने । <br> ▪ चुहावट भएकोमा जरिवाना सहित असुल गर्ने । | २०८० श्रावण देखि निरन्तर | कार्यपालिका, अनुगमन समिति, राजस्व परामर्श समिति |

# परिच्छेद-६
# आगामी तीन वर्षको आय प्रक्षेपण

## ६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजश्व सुधार कार्ययोजना तथा बर्तमान अवस्था तथा संभावना बिश्लेषणलाई आधारमानी आगामी तीन वर्ष (आ.व. २०८०/२०८१ देखि २०८२/०८३) को लागि आय प्रक्षेपण गरिएको छ। यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ। धेरैजसो शिर्षकहरूको आय प्रक्षेपण गर्दा मुख्यतया प्राप्त तथ्यांकहरुको बिश्लेषणलाई आधार लिइएको छ भने भविष्यमा आयका आधारको दायरा बढी सो बाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसै गरी केही शिर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई समेत आधार मानिएको छ।

**तालिकाः ५**
**आगामी आर्थिक बर्षहरूका लागि राजश्व प्रक्षेपण**

| राजश्व तथा अनुदानका शिर्षकहरु | कुल सम्भाव्यता (रु) | आय प्रक्षेपणका अवस्थाको अनुमान |
|---|---|---|
| सम्पत्ति कर | ९४०६००.०० | हाल कार्यान्वयनमा नरहेको। आ.ब २०८०/८१ तयारीको कार्य सम्पन्न गरी आ.ब २०८१/८२ सम्भाव्यताको ७५ प्रतिशत संकलन हुने र तत्पश्चात् क्रमशः वार्षिक २० प्रतिशतका दरले वृद्धि हुने आकलन गरिएको। |
| भुमिकर (मालपोत) | ४९२०००.०० | कुल सम्भाव्यताको पहिलो वर्ष शत प्रतिशत संकलन हुने र त्यस पश्चात् क्रमशः वार्षिक १० प्रतिशतका दरले वृद्धि हुने आकलन गरिएको। |
| घर बहाल कर | ६०००००.०० | पहिलो वर्ष कुल सम्भाव्य आयको ५० प्रतिशत र त्यस पश्चात् क्रमशः ३० प्रतिशतका दरले वृद्धि हुने। |
| व्यवसाय कर | ४१००००.०० | पहिलो वर्ष कुल सम्भाव्य आयको ५० प्रतिशत र त्यस पश्चात् क्रमशः ४० प्रतिशतका दरले वृद्धि हुने। |
| कवाडी कर | १५००००.०० | पहिलो वर्ष कुल सम्भाव्य आयको शत प्रतिशत र त्यस पश्चात् क्रमशः २० प्रतिशतका दरले वृद्धि हुने। |
| घर नक्सापास दस्तुर | ३०००००.०० | पहिलो वर्ष कुल सम्भाव्य आयको १०० प्रतिशत र त्यस पश्चात् क्रमशः ५० प्रतिशतका दरले वृद्धि हुने |
| सिफारिश दस्तुर | ३०००००.०० | बिगतको आधारमा अनुमान गरिएको तथा पहिलो बर्ष आयको शत प्रतिशत त्यस पश्चात् क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने |
| व्यक्तिगत घटना दर्ता दस्तुर | २०००००.०० | छलफलका आधारमा अनुमान गरिएको, पहिलो बर्षनै आयको शतप्रतिशत त्यस पश्चात् क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको। |
| नाता प्रमाणित दस्तुर | ७००००.०० | पहिलो बर्ष आयको शतप्रतिशत र त्यस पश्चात् क्रमशः २० प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको। |
| अन्य बिक्रिबाट (गिट्टी, ढुङ्गा तथा बालुवा बिक्री) प्राप्त रकम | ३५०००००.०० | छलफलको आधारमा तय गरिएको र शत प्रतिसत उठ्ने आकलन गरिएको र आगामी बर्षहरुमा २० प्रतिशतले बृद्धि गर्न सकिने। |
| अन्य दस्तुर तथा सेवा शुल्कहरु | बिगतको आधारमा अनुमान गरिएको। | |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | ४०००००.०० | आ.ब २०७९/८० को प्रस्तावित अंकलाई आधार मानिएको। उक्त रकम क्रमशः ३० प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको। |
| बाँडफाँड भई प्राप्त हुने | ५५४९७०००.०० | आ.ब २०७९/८० को प्रस्तावितलाई आधार मानिएको। उक्त |

| राजश्व तथा अनुदानका शिर्षकहरु | कुल सम्भाव्यता (रु) | आय प्रक्षेपणका अवस्थाको अनुमान |
|---|---|---|
| मु.अ.कर | | रकम क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको । |
| बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ३७००००००.०० | आ.ब २०७९/८० को प्रस्तावितलाई आधार मानिएको । उक्त रकम क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको । |
| बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ३३१५०००।०० | आ.ब २०७९/८० को प्रस्ताबितलाई आधार मानिएको । उक्त रकम क्रमशः १५ प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको । |
| **संघीय सरकार बाट प्राप्तहुने अनुदानहरु** | | |
| समानिकरण अनुदान | १०९४५८०००.०० | आ.ब २०७९/८० को प्रस्ताबितलाई आधार मानिएको । उक्त रकम क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको । |
| सशर्त अनुदान चालु | २१९३४००००.०० | आ.ब २०७९/८० को प्रस्ताबितलाई आधार मानिएको । उक्त रकम क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको । |
| सशर्त अनुदान पूजिगत | १९९४७०००.०० | आ.ब २०७९/८० को प्रस्ताबितलाई आधार मानिएको । उक्त रकम क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको । |
| बिषेश अनुदान पुजिगत | ७७०००००.०० | आ.ब २०७९/८० को प्रस्ताबितलाई आधार मानिएको । उक्त रकम क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको । |
| समपुरक अनुदान पुजिगत | १४३०००००.०० | आ.ब २०७९/८० को प्रस्ताबितलाई आधार मानिएको । उक्त रकम क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको । |
| **प्रदेश सरकारबाट प्राप्तहुने अनुदानहरु** | | |
| समानिकरण अनुदान | ५७९८०००.०० | आ.ब २०७९/८० को प्रस्ताबितलाई आधार मानिएको । उक्त रकम क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको । |
| सशर्त अनुदान चालु | ८८०००००.०० | आ.ब २०७९/८० को प्रस्ताबितलाई आधार मानिएको । उक्त रकम क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको । |
| बिषेश अनुदान चालु | ७७०००००.०० | आ.ब २०७९/८० को प्रस्ताबितलाई आधार मानिएको । उक्त रकम क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको । |
| समपुरक अनुदान चालु | १५७८५०००.०० | आ.ब २०७९/८० को प्रस्ताबितलाई आधार मानिएको । उक्त रकम क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको । |

## ६.२ आगामी ३ आर्थिक वर्षको आयको प्रक्षेपण

आय शिर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी पैयूँ गाउँपालिकाको आगामी ३ वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । माथिका अध्यायहरूमा प्रस्ताव गरिए अनुसार करका दर र दायरा विस्तार गर्न सकेको खण्डमा तालिकामा दिए अनुसार गाउँपालिकाको आय वृद्धि हुने आकलन गरिएको छ । आन्तरिक आय तर्फ आगामी आ.व.२०८०/८१ को लागि प्रक्षेपित आय चालु आ.ब २०७९/८० को प्रस्तावित आय भन्दा कम भएता पनि आ.व.२०८१/८२ को लागि प्रक्षेपित आय आ.ब २०८०/८१ को प्रस्तावित आय भन्दा करिब २३ प्रतिशतले बृद्धि हुने देखिन्छ । त्यसै गरी आ.व.२०८२/८३ को लागि प्रक्षेपित आय आ.ब २०८१/८२ को प्रस्तावित आयभन्दा करिब २५ प्रतिशतले बृद्धि हुने देखिन्छ । आ.व २०८०/८१ को प्रक्षेपित आयमा बृद्धि नहुनुमा बिगतको प्रस्तावित अनुमाननै बढी भएकोले त्यसो हुन गएको हो ।

**तालिका ६**
**आगामी ३ आर्थिक वर्षको आय प्रक्षेपण**

| राजश्व संकेत | राजश्व शिर्षक | प्रस्तावित आय | आय प्रक्षेपण | | |
|---|---|---|---|---|---|
| | | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८२ |
| | **आन्तरिक राजश्व** | ८०००.०० | ७४३२.७० | ८८००.९२ | १०२३८.०८ |
| ११३१३ | सम्पत्ति कर | ०.०० | ०.०० | ७०५.४५ | ८४६.५४ |
| ११३१४ | भूमी कर/मालपोत | ४००.०० | ४९२.७० | ५४१.९७ | ५९६.१७ |
| ११३१५ | घर जग्गा रजिष्टेशन शुल्क | ३५०.०० | ४००.०० | ४८०.०० | ५७६.०० |
| ११३२१ | घर जग्गा बहाल कर | १००.०० | ३००.०० | ३९०.०० | ५०७.०० |
| ११६११ | जडिबुटी तथा कवाडी कर | १००.०० | १५०.०० | १८७.५० | २३४.३८ |
| १४१५७ | दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त | ३५००.०० | ३५००.०० | ३८५०.०० | ४२३५.०० |
| १४२१९ | अन्य सेवा शुल्क (एम्बुलेन्स सेवा) | ४००.०० | ४५०.०० | ५४०.०० | ६४८.०० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १००.०० | १२०.०० | १४४.०० | १७२.८० |
| १४२४२ | नक्सापास दस्तुर | ३००.०० | ३००.०० | ४५०.०० | ६७५.०० |
| १४२४३ | सिफारिश दस्तुर | २००.०० | २२०.०० | २४२.०० | २६६.२० |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | २००.०० | २००.०० | २२०.०० | २४२.०० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ०.०० | १००.०० | ११०.०० | १२१.०० |
| १४२४९ | अन्य दस्तुर | १४००.०० | ५००.०० | ५५०.०० | ६०५.०० |
| १४२५३ | व्यवसाय कर (दर्ता तथा नविकरण) | १००.०० | २००.०० | २८०.०० | ३९२.०० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ०.०० | १००.०० | ११०.०० | १२१.०० |
| १४५२९ | अन्य राजश्व (घरधुरी कर) | ८५०.०० | ४००.०० | ०.०० | ०.०० |
| **बाँडफाँड बाट प्राप्त हुने शुल्क तथा दस्तुरहरु** | | ९११०३.०० | १००९१५.०० | १११००७.०० | १२२१०७.०० |
| ११४११ | मुल्य अभिबृद्धि कर | ५०४५२.०० | ५५४९७.०० | ६१०४७.०० | ६७१५१.०० |
| ११४२१ | अन्त:शुल्क | ३३६३६.०० | ३७०००.०० | ४०७००.०० | ४४७७०.०० |
| ११४५६ | सवारी साधन कर | ७०१५.०० | ८४१८.०० | ९२६०.०० | १०१८६.०० |
| १४१५७ | दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त | आन्तरीक आयमा समावेश गरिएको । | | | |
| **१३०००** | **केन्द्रीय शसर्त तथा निशर्त अनुदानहरु** | ३३६६००.०० | ३७०२६०.०० | ४०७२८६.०० | ४४८०१४.६० |
| १३३११ | समानिकरण अनुदान | ९९५००.०० | १०९४५०.०० | १२०३९५.०० | १३२४३४.५० |
| १३३१२ | शसर्त अनुदान चालु | १९९४००.०० | २१९३४०.०० | २४१२७४.०० | २६५४०१.४० |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | १७७००.०० | १९४७०.०० | २१४१७.०० | २३५५८.७० |
| १३३१५ | विषेश अनुदान पूँजीगत | ७०००.०० | ७७००.०० | ८४७०.०० | ९३१७.०० |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | १३०००.०० | १४३००.०० | १५७३०.०० | १७३०३.०० |
| **१३०००** | **अनुदान प्रदेश सरकार** | ३३६२१.०० | ३६९८३.०० | ४०६८१.३० | ४४७४९.४३ |
| १३३११ | समानिकरण अनुदान | ५२७१.०० | ५७९८.०० | ६३७७.८० | ७०१५.५८ |
| १३३१२ | शसर्त अनुदान चालु | ८०००.०० | ८८००.०० | ९६८०.०० | १०६४८.०० |
| १३३१४ | विषेश अनुदान चालु | ६०००.०० | ६६००.०० | ७२६०.०० | ७९८६.०० |
| १३३१६ | समपुरक अनुदान चालु | १४३५०.०० | १५७८५.०० | १७३६३.५० | १९०९९.८५ |
| **३२१३१** | **नगद आम्दानी** | २७५०.०० | ०.०० | ०.०० | ०.०० |
| **३२१२२** | **गत बर्षको बैंक मौंज्दात** | ३१३००.०० | ०.०० | ०.०० | ०.०० |
| **जम्मा राजश्व तथा अनुदान** | | **५०३३७४.००** | **५१५५९०.७०** | **५६७७७५.२२** | **६२५१०९.११** |

# परिच्छेद-७
# निष्कर्ष तथा सुझाव

राजश्व अध्ययन तथा सुधार कार्ययोजनाको निर्माणको लागि राजश्व बाँडफांडको प्रक्षेपण गर्दा हाल बाँडफाँड निश्चित भएका स्रोतहरुको मात्र प्रक्षेपण गरिएको छ । यो प्रक्षेपण तयार गर्दा केन्द्र तथा प्रदेश सरकारबाट गाउँपालिकामा बाँडफाँडबाट प्राप्त हुने बिभिन्न कर तथा रोयल्टीलाई समेत समाबेश गरिएको छ । त्यसैगरी केन्द्र बाट प्राप्त हुने राजश्व बाँडफाँड रकम मध्ये हाल सम्म प्राप्त भैरहेको मूल्य अभिबृद्धि कर र अन्तःशुल्कलाई समावेश गरिएको छ । स्थानीय सरकारलाई प्राप्त हुने घर जग्गा रजिष्ट्रेशन शुल्कलाई आन्तरिक राजश्व अन्तर्गत समावेस गरिएको छ ।

उल्लेखित विवरण अनुसार गाउँपालिकाको आन्तरिक आय २०७९/८० मा ८० लाख अनुमान गरिएकोमा आ.ब २०८०/८१ मा रु ७४ लाख ३२ हजार ७ सय, आ.ब २०८१/८२ मा रु ८८ लाख ९ सय बिस र आ.ब २०८२/८३ मा रु १ करोड २ लाख ३८ हजार हुने अनुमान गरिएको छ ।

**तालिका : ७**
**गाउँपालिकाको प्रक्षेपित आय संरचना**

| क.स | राजश्व शिर्षक | ०७९/८० को प्रस्ताबित | आ.ब अनुसारको प्रक्षेपित आय रु हजारमा | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८२ |
| १ | आन्तरिक आय | ८०००.०० | ७४३२.७० | ८८००.९२ | १०२३८.०८ |
| २ | राजश्व बाँडफाँडबाट प्राप्त | ९११०३.०० | १००९१५.०० | १११००७.०० | १२२१०७.०० |
| ३ | संघिय सरकारबाट प्राप्त अनुदान | ३३६६००.०० | ३७०२६०.०० | ४०७२८६.०० | ४४८०१४.६० |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | ३३६२१.०० | ३६९८३.०० | ४०६८१.३० | ४४७४९.४३ |
| ५ | नगद तथा मौज्दात | ३४०५०.०० | ०.०० | ०.०० | ०.०० |
| | **कूल जम्मा आय** | **५०३३७४.००** | **५१५५९०.७०** | **५६७७७५.२२** | **६२५१०९.११** |

आन्तरिक श्रोत तर्फको आय रकम संकलन गर्न गाउँपालिकाले बर्तमान संरचना तथा ब्यवस्थापन प्रणालीमा ब्यापक परिवर्तन गर्न आवश्यक देखिन्छ । गाउँपालिकाले आगामी दिनहरुमा राजश्व संकलन बृद्धिका लागि तपसिलका बुदाहरुमा ध्यान पुऱ्याउनु आवश्यक छ ।

### राजश्व परामर्श समितिको कृयाशिलता

- राजश्व परामर्श समितिले आफ्ना गतिबिधिहरु सकृयता पुर्वक गरिरहेको अवस्था रहेको छ । आगामि दिनहरुमा समेत राजश्व सम्वन्धी निति तर्जुमा, कार्यान्वियन तथा अनुगमनमा परिचालित हुनुपर्ने देखिन्छ । यसको लागि गाउँपालिकाबाट समेत आवश्यकता अनुसारको बजेट व्यवस्था हुनु आवश्यक छ ।
- राजश्व परामर्श समितिका पदाधिकारीहरु र कर्मचारीहरुलाई अन्य पालिकाहरुको अध्ययन अवलोकन भ्रमण गराउदा राम्रो कामको अनुसरण गर्न सजिलो हुने हुदा यस्ता कृयाकलापहरु संचालन गरिनु पर्दछ ।

### राजश्व शाखाको सुदृढिकरण

- स्थान, उपकरणहरु, सफ्टवेयर तथा आवशयक जनशक्तिको ब्यवस्था तत्काल गरिनु पर्दछ ।
- वडा कार्यालयमामा समेत आवश्यकता अनुसारको स्थान, उपकरणहरु, सफ्टवेयर तथा आवश्यक जनशक्तिको ब्यवस्था गरिनु पर्ने तथा राजश्व संकलनमा पालिका तथा वडा तहको समन्वयलाई प्राथमिकता दिदै समयमा प्रतिबेदन सम्प्रेषण गर्ने ब्यवस्था हुनु आवश्यक छ ।
- राजश्व संकलनमा कार्यरत कर्मचारीहरुको नियमित क्षमता बिकास कार्यक्रम संचालन गरिनु पर्दछ ।

### अनुगमन तथा मूल्यांकन

राजश्व सुधार कार्ययोजनाले आगामी दिनहरुमा राजश्व परामर्श समितिलाई राजश्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी स्रोत अनुमान तथा वजेट सिमा निर्धारण गर्न सहयोग पुऱ्याउने छ । राजश्व सुधारका नीति, कृयाकलापहरु तथा वजेट अनुमान पश्चात राजश्व सुधार कार्ययोजना अनुसारका कृयाकलापहरु संचालन भए नभएको तथा अनुमान अनुसार आय संकलन भए नभएको सम्वन्धमा नियमित रुपमा अनुगमन गर्ने, आगामी आर्थिक बर्षको आय प्रक्षेपणकोलागि त्यस अवधि सम्मको कृयाकलाप तथा आय

संकलन अवस्थाको मूल्यांकन गर्ने तथा आर्थिक बर्ष सम्पन्न भएपछि सो आर्थिक बर्षको लागि तय गरिएका कृयाकलापहरु तथा आय संकलन अवस्थाको मूल्यांकन गर्न आवश्यक छ ।

राजश्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्यांकनको लागि कार्यालय तहमा, राजश्व परामर्श समितिवाट अनुगमन तथा मूल्यांकन, कार्यपालिकावाट अनुगमन तथा मूल्यांकन, तथा वाह्य अनुगमन तथा मूल्यांकनको ब्यवस्था गरिनु पर्दछ ।

कार्य योजनाको सफल कार्यान्वयनका लागि तपसिल अनुसारका कृयाकलापहरु हुनु आवश्यक देखिन्छ ।

- **कार्यालय स्तरमा** प्रमुख प्रशासकिय अधिकृत, राजश्व शाखा तथा अन्य सम्वन्धित शाखाका प्रमुखहरुलाई जिम्मेवार वनाइनु पर्दछ ।
- **गाउँपालिकामा** कम्तिमा महिनामा एक पटक सरोकारवालाहरुको बैठक वसी कार्ययोजनाको कार्यान्वयनको अवस्था तथा राजस्व असुलीको अवस्थाको अनुगमन गरी लक्ष हासिल गर्ने तर्फ आवश्यक निर्णयहरु गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।
- **राजश्व परामर्श समितिले** चौमासिक रुपमा योजना कार्यान्वयनको अवस्था, आय संकलनको अवस्थाको अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने गर्नु पर्दछ ।
- **आगामी आर्थिक बर्षकोलागि आयको अनुमान** गर्ने कार्य पूर्व भएका कामहरुको मूल्यांकन गरी स्रोत, दर तथा दायरामा सुधारकोलागि कृयाकलाप सिफारिश गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ ।
- कार्यपालिकाको बैठकले राजश्व परामर्श समितिवाट प्रस्तुत गरेका सुझावहरुलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने ब्यबस्था हुनु आवश्यक छ ।
- छलफलको क्रममा राजश्व सुधार योजना तथा आय संकलन अवस्थाको समिक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नु आवश्यक भएमा निर्णय समेत गर्न सकिने छ ।

राजश्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजिकरण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालयबाट समेत हुनसक्ने छ । यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय तहको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा समेत विकास हुने अपेक्षा गरिन्छ । साथै गाउँपालिकाले प्रत्येक बर्ष कार्ययोजनाको समिक्षा गर्न सक्नेछ जसमा सहजिकरणको लागि स्वतन्त्र बिज्ञहरुको सहयोग लिन सकिने छ र आवश्यकता अनुसार परिमार्जन समेत गर्न सकिने छ ।

## अनुसुचि १ : सन्दर्भ सामग्रीहरू


- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४
- लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन २०७९
- पूर्वखोला गाउँपालिकाको आर्थिक ऐनहरु, २०७७, २०७८, २०७९
- गाउँपालिकाको नीति तथा कार्यक्रम २०७७ र २०७८, २०७९
- पूर्वखोला गाउँपालिकाको वस्तुगत विवरण, २०७७
- गाउँपालिकाको विभिन्न आर्थिक वर्षहरूको बाषिक विकास योजना, बजेट तथा कार्यक्रमहरू
- गाउंपालिका तथा नगरपालिकाको राजश्व सुधार कार्ययोजना दिग्दर्शन २०७६
- स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्न नतिजा (आ.व.२०७७/०७८, ०७८/७९)

# अनुसुचि २ : कार्यकम सम्वन्धी केही झलक

## कार्यकम सम्वन्धी केही झलक








## अनुसूचि-३

## कार्यशाला गोष्ठीमा उपस्थित सहभागीहरुको बिवरण

पूर्वखोला गाउँपालिकाको आयोजना तथा सिटी सपोट इनिसिएटीभ बुटवल रुपन्देहीको सहजिकरणमा मिति २०७९ चैत्र १० गते शुक्रवारका दिन पूर्वखोला गाउँपालिकाको राजश्व सुधार कार्ययोजना निर्माण सम्वन्धी कार्यशाला गोष्ठीमा उपस्थित सहभागिहरुको बिवरण

| क्र.स | नाम थर | पद | सम्पर्क नम्वर | कैफियत |
|---|---|---|---|---|
| १ | नुन बहादुर थापा | अध्यक्ष | ९८५७०६५५४४ | ९८५७०६९०४४ |
| २ | भागिरथी शर्मा भट्टराई | उपाध्यक्ष | ९८४७२२४३१४ | ९८५७०६९०४५ |
| ३ | मान बहादुर सारु | प्र. प्र.अधिकृत | ९८६७९२८९२२ | |
| ४ | गिरिमान आले | वडा अध्यक्ष- १ | ९८६७३२८१३० | |
| ५ | निर बहादुर सारु | वडा अध्यक्ष- २ | ९८४७०४३८२९ | |
| ६ | कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष- ३ | ९८६१९७३१९६ | |
| ७ | मेहर सिं थापा | वडा अध्यक्ष- ४ | ९८५७०६०१७० | |
| ८ | बिष्णु कुमार पल्ली | वडा अध्यक्ष- ५ | ९८४७३०९१४० | |
| ९ | धन बहादुर घर्ति | वडा अध्यक्ष- ६ | ९८५७०६५३७२ | |
| १० | ललिता दर्लामी | कार्यपालिका सदस्य | ९८४७४९७९८० | |
| ११ | चन्द्र सिंह बर्मेली | कार्यपालिका सदस्य | | |
| १२ | राजु परियार | कार्यपालिका सदस्य | ९८६०४२४९६८ | |
| १३ | भोज बहादुर राना | वडा सचिव-२ | ९८५११९९६०५ | |
| १४ | लेख कुमार सारु | वडा सचिव-६ | ९८४७५१६०४२ | |
| १५ | पूर्ण बहादुर चितौरे | वडा सचिव-५ | ९८६७१८४२८६ | |
| १६ | शेर बहादुर थापा | MIS अपरेटर | ९८६९४२५०६६ | |
| १७ | मोहन ढकाल | स्वा.शाखा प्रमुख | ९८५७०६०६२९ | सूचना अधिकारी |
| १८ | लोकहरी देबकोटा | शिक्षा संयोजक | ९८४७१६८४२० | |
| १९ | सन्तोष कंडेल | कृषि शाखा | ९८६७५५०९३० | |
| २० | संजय श्रेष्ठ | सदस्य, राजश्व परामर्श समिति | | |
| २१ | दिपक कुवर | लेखा सहायक | ९८६६६३४४३१ | |
| २२ | देवेन्द्र थापा | अ.सव इन्जिनियर | ९८४७०४३२१५ | |
| २३ | धन बहादुर दर्लामी | पशु सेवा शाखा | ९८४४७५६६८४ | |
| २४ | सुमन भट्टराई | लेखा अधिकृत | ९८५७०६८७८५ | |
| २५ | सुचना ज्ञवाली | सु. प्रबिधि अधिकृत | ९८४७२५८४५७ | ९८५७०६८७८४ |
| २६ | भुपेन्द्र गाहा | रोजगार संयोजक | ९८४४७७८२८० | |
| २७ | शर्मिला चौधरी | कम्प्युटर अपरेटर | ९८६६७४४२७९ | |
| २८ | बिनोद नेपाल | अधिकृत सातौं | ९८५७०६५३७९ | ९८५७०६८७८२ |
| २९ | गोमा पाण्डे | वडा सचिव-३ | ९८४७१८११४३ | |
| ३० | निर्मला भट्टराई | उद्यम बि.सहजकर्ता | | |
| ३१ | मन बहादुर सारु | स.कम्प्युटर अपरेटर | ९८५७०६०२०७ | |
| ३२ | टीकाराम पन्थी | प्रमुख सहजकर्ता | ९८६२१९४२४१ | |
| ३३ | हर गोबिन्द पाण्डे | बित्त बिज्ञ/सहजकर्ता | ९८४१४८११५४ | |
| ३४ | शान्ती आचार्य | कार्यलय सहयोगी | | |

# राजश्व सुधार कार्ययोजनाको प्रतिवेदन प्रस्तुतिकरण र सुझाव संकलन गोष्ठी

आज मिति २०८०/०२/२१ गते आईतबारको दिन यस पूर्वखोला गाउँपालिका अध्यक्ष श्री नुन बहादुर थापाज्यूको अध्यक्षतामा सिटि सपोर्ट ईनिसिएटिभबाट राजश्व सुधार कार्ययोजना तयारी र मिडिया प्लस, रुपन्देहीबाट क्षमता विकास योजना तर्जुमाको अन्तिम प्रस्तुति/सहजिकरण र सुझाव संकलन कार्यक्रम तपसिल बमोजिमको उपस्थितिमा गरियो ।

तपसिलः

| क्र.स. | नाम थर | ठेगाना | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नुन बहादुर थापा | पूर्वखोला-५ | अध्यक्ष | | |
| २ | भागीरथी शर्मा भट्टराई | पूर्वखोला -३ | उपाध्यक्ष | | |
| ३ | गिरीमान आले | पूर्वखोला -१ | वडा अध्यक्ष | | |
| ४ | नीर बहादुर सारु | पूर्वखोला -२ | वडा अध्यक्ष | | |
| ५ | कृष्ण प्रसाद भट्टराई | पूर्वखोला -३ | वडा अध्यक्ष | | |
| ६ | मेहर सिं थापा | पूर्वखोला -४ | वडा अध्यक्ष | | |
| ७ | विष्णु कुमार पल्ली | पूर्वखोला ५ | वडा अध्यक्ष | | |
| ८ | धन बहादुर घर्ती | पूर्वखोला ६ | वडा अध्यक्ष | | |
| ९ | राजु परियार | पूर्वखोला-१ | कार्यपालिका सदस्य | | |
| १० | भिमिसरा आले | पूर्वखोला-२ | कार्यपालिका सदस्य | | |
| ११ | देवीसरा गाहा | पूर्वखोला-३ | कार्यपालिका सदस्य | देवीसरा | |
| १२ | रेवती घर्ति | पूर्वखोला-४ | कार्यपालिका सदस्य | | |
| १३ | चन्द्र सिंह बर्मेली | पूर्वखोला-५ | कार्यपालिका सदस्य | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | ललिता दर्लामी | पूर्वखोला-६ | कार्यपालिका सदस्य | | |
| १५ | मान बहादुर सारु | माथागढि-३ | प्रमुख प्रशासकीय अधिकृत | | |
| १६ | लक्षमण न्यौपाने | पूर्वखोला-२ | इन्जिनियर | | |
| १७ | सुमन भट्टराई | पूर्वखोला-३ | लेखा अधिकृत | | |
| १८ | दिपक कवर | पूर्वखोला-२ | लेखा सहायक पाँचौं ~~लेखापाल~~ | | |
| १९ | सूचना ज्ञवाली | पूर्वखोला-३ | सूचना प्रविधि अधिकृत | | |
| २० | शान्ति काम्मु | पूर्वखोला-३ | मनोपरामर्ष दाता | | |
| २१ | सन्तोष कंडेल | पूर्वखोला-३ | कृषि शाखा प्रमुख | | |
| २२ | धन बहादुर दर्लामी | पूर्वखोला-१ | पशु सेवा शाखा | | |
| २३ | लोकहरि देवकोटा | पूर्वखोला-२ | शिक्षा संयोजक | | |
| २४ | मोहन ढकाल | पूर्वखोला-३ | स्वास्थ्य शाखा प्रमुख | | |
| २५ | भुपेन गाहा मगर | पूर्वखोला-३ | रोजगार सेवा शाखा प्रमुख | | |
| २६ | शेर बहादुर ~~सारु~~ थापा | पूर्वखोला-४ | एम.आइ.एस. अपरेटर | | |
| २७ | दुर्गा ब घर्ति | पूर्वखोला | ना. वि. | | |
| २८ | अबित पल्ली | पूर्वखोला-५ | अ.स.ई. | | |
| २९ | देवेन्द्र थापा | पूर्वखोला गा.पा | '' | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | प्रनाम-पाँडे | पुर्वखोला गौ.पा. | अमीन | [illegible] | |
| ३१ | मिलन आले | पुर्वखोला-१ | अ.ई | [illegible] | |
| ३२ | घनश्याम थापा | पुर्वखोला-४ | अ.स.ई | [illegible] | |
| ३३ | बादल घिमिरे | पुर्वखोला-२, जनपा | अ.स.ई. | [illegible] | |
| ३४ | निर्मला भट्टराई | पुर्वखोला ३ | उ.बि.स | Nirmala | |
| ३५ | बिमला कवर | पुर्वखोला ५ | स.ई. | [illegible] | |
| ३६ | ईश्वरी भण्डारी | पुर्वखोला ३ | उ.बि.स | [illegible] | |
| ३७ | शान्ति आचार्य | " | का.स | शान्ति | |
| ३८ | हेमन खि. आपुर्ति | " | " | [illegible] | |
| ३९ | टिकाराम पन्थी | तिलोत्तमा-३ | सहकार्यकर्ता (पत्रिका) | [illegible] | |
| ४० | | | | | |

# अनुसुचि ४ : तथ्यांक संकलन सूची

**गाउँपालिकाको संक्षिप्त परिचय तथा हालको अवस्थाः**

**संक्षिप्त परिचय :**

- नामांकरण
- घरधुरी तथा जनसंख्या
- क्षेत्रफल तथा वडा विभाजन
- प्रशिद्ध स्थलहरू

**मुख्य पूर्वाधारको अवस्था**

- सडक, बाटो, पुल
- बिजुली
- खानेपानी तथा सिंचाई
- सावर्जनिक भवन तथा पूर्वाधारहरू
- फोहरमैला व्यवस्थापन (फोहरको परिमाण र व्यवस्थापनको अवस्था)

**आर्थिक अवस्था**

- उद्योग, व्यवसाय तथा कलकारखाना
- मुख्य व्यापारिक केन्द्रहरू
- प्राकृतिक तथा पर्यटकिय सम्पदा

**गाउँपालिकाको संगठन तथा राजश्व प्रशासन :**

**हालको संगठन संरचना ( कर्मचारीहरूको विवरण**

| क्र.सं. | पद | स्वीकृत दरवंदी | पदपुर्ति | |
|---|---|---|---|---|
| | | | स्थायी | करार |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**भौतिक सुविधाहरू**

- कार्यालयका भवनहरू
- सवारी साधन
- फर्निचर, कम्प्युटर, प्रिन्टर

राजस्व शाखा तथा राजस्व प्रशासनराजस्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण

| क्र.सं. | नाम | पद | जिम्वेवारी |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

- कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता
- फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरू
- राजस्व सम्बन्धी डाटा वेस, राजस्व प्रशासनमा सफ्फट्वेयर र त्यसको प्रयोग
- कप्यूटर विलिङ्ग प्रणालिको प्रयोग,

**गाउँपालिकाको आय (आन्तरि तथा वाह्य) सम्बन्धी विवरण:**

- विगत तीन आर्थिक वर्षहरू (२०७६/७७, ०७७/७८ र ०७८/७९) को यथार्थ आय विवरण।
- चालु आर्थिक वर्षको (२०७९/८०) को अनुमानीत/बजेट विवरण।
- चालु आर्थिक वर्षका लागि सभाले पारित गरेको कर, शुल्क तथा दस्तुरका दरहरू अन्य दस्तावेज तथा सूचनाहरू
- सभाले पारित गरेको आर्थिक ऐन
- राजश्वसंग सम्बन्धित अन्य नीति तथा कार्यकमहरू
- गाउँपालिकाको बस्तुस्थिति विवरण
- राजस्व परिचालनकालागि भएका प्रभावकारी प्रयासहरू

## तथ्यांक संकलन फारम

**१. गाउँपालिकाका आयका स्रोतहरू तथा हालको अवस्था**

| क.सं. | आयका प्रकार | सम्भावना भएको/नभएको | संकलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| क. | कर तर्फ | | | |
| | भूमि कर (मालपोत) | | | |
| | सम्पीत्त कर | | | |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, रिक्सा) | | | |
| | घर जग्गा बहाल कर | | | |
| | व्यवसाय कर | | | |
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | | | |
| ख. | अन्य राजस्व | | | |
